# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३४८ | काठमाडौं | आइतबार, ३१ चैत २०८१ | Prabhab National Daily | Sunday, April 13, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ: वैदेशिक रोजगार

## वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा गुरूङ

भुवनसिंह गुरुङको पक्षमा ४२८ र नरेश गेलालको पक्षमा ३६७ मत

तीन पदाधिकारी र दुई सदस्यबाहेक सबै पदमा गुरुङ प्यानलका उम्मेदवार विजयी





■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा भुवनसिंह गुरुङ निर्वाचित भएका छन् । संघको शुक्रबार राति सम्पन्न निर्वाचनबाट नरेश गेलाललाई पराजित गर्दै उनी अध्यक्षमा निर्वाचित भएका हुन् ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त प्यानलबाट उम्मेदवार बनेका गुरुङले ४२८ मत प्राप्त गरे । उनले प्रतिद्वन्द्वी गेलालले भन्दा ६१ मत बढी प्राप्त गरेका हुन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, लोकतान्त्रिक एसोसिएसनका असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त व्यावसायिक प्यानलबाट अध्यक्षमा उठेका गेलालको पक्षमा ३६७ मत खसेको थियो ।

नयाँ कार्यसमितिमा तीन पदाधिकारी र दुई सदस्यबाहेक सबै गुरुङ प्यानलका उम्मेदवार विजयी भएका छन् । प्रथम उपाध्यक्ष, तृतीय उपाध्यक्ष र कोषाध्यक्ष तथा दुई सदस्य पदमा गेलालपक्षका उम्मेवारले बाजी मारेका हुन् । प्रथम उपाध्यक्षमा लोकतान्त्रिकबाट विद्रोह गरी गेलाल प्यानलमा लागेका सुजितकुमार श्रेष्ठ विजयी भए । एलायन्स ह्युमन रिसोर्स प्रालिका सञ्चालक श्रेष्ठ संघका पूर्वमहासचिवसमेत हुन् । श्रेष्ठले ३७५ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी नोकरी नेपाल प्रालिका नरेन्द्रप्रसाद ढकालले ३०२ मत पाए । सोही पदमा स्वतन्त्र उम्मेदवारी दिएका ओभरसिज इम्प्लोइमेन्ट प्रालिका अख्तर हुसेनले १०१ मत प्राप्त गरे ।

द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रालिका देवकुमार खोखाली विजयी भए । गुरुङ प्यानलबाट लडेका उनले ४०२ मत प्राप्त गर्दा प्रतिद्वन्द्वी मधुकर रिजालले ३७८ मतमा सीमित भए । तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआर प्रालिका बैकुण्ठप्रसाद पौडेल ४३५ मत ल्याएर विजयी हुँदा उनका प्रतिस्पर्धी इम्प्लोइमेन्ट क्रियसन प्रालिका हर्कबहादुर लिम्बूले ३५० मत प्राप्त गरे ।

क्रमश: पृष्ठ २ मा

### संघको नवनिर्वाचित कार्यसमिति

**अध्यक्ष:** भुवनसिंह गुरूङ
**प्रथम उपाध्यक्ष:** सुजितकुमार श्रेष्ठ
**द्वितीय उपाध्यक्ष:** देवकुमार खोखाली
**तृतीय उपाध्यक्ष:** बैकुण्ठप्रसाद पौडेल
**महासचिव:** महेशकुमार बस्नेत
**सचिव:** कुन्छादोर्जे डिम्दोङ
**कोषाध्यक्ष:** धनमाया सिञ्जाली

**सदस्यहरू:**
रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, राज लामा तामाङ, सुवर्ण लामा, हेमा गुरूङ, रमा खड्का, देवीप्रसाद गिरी, सुमनराज पाण्डे र विद्यालक्ष्मी बज्राचार्य

### 'वैदेशिक रोजगार क्षेत्रको शुद्धीकरणमा लाग्छु'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा निर्वाचित गुरुङ नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको स्थापनाकालदेखि नै सक्रिय सदस्यका रूपमा कार्यरत व्यवसायी हुन् । विगतमा संघको सदस्यदेखि तृतीय र द्वितीय उपाध्यक्ष भएर काम गरिसकेको अनुभव उनीसँग छ । गुरुङ म्यानेजमेण्ट ओभर्सिज प्रालिका सञ्चालक गुरुङ दुई दशकभन्दा बढी समयदेखि यो पेसामा संलग्न छन् ।

आफूसँग वैदेशिक रोजगार व्यवसायमा १५ वर्षभन्दा बढी काम गरेको अनुभव रहेको उनी बताउँछन् । आफूले यस क्षेत्रमा व्याप्त रहेका समस्यालाई लामो समयदेखि नियालेकाले तिनको समाधान गर्नु आफ्नो एकमात्र उद्देश्य रहेको गुरुङले बताउने गरेका छन् । व्यवसायीको मुद्दामा विगतदेखि नै आफूले काम गर्दै आएको र अब झन् चौबीसै घण्टा खटेर काम गर्ने उनको प्रतिबद्धता छ ।

क्रमश: पृष्ठ २ मा

वर्ष २०८१

## सत्ताका जोगिए, प्रतिपक्षका 'फसे'











- सहकारी ठगी प्रकरणमा लामिछाने थुनामा
- दुर्गा, रवीन्द्र र धवललगायत हिसासतमा
- कांग्रेसका धनराज गुरूङलगायतलाई उन्मुक्ति !

■ जेबी योञ्जन

**काठमाडौं–** आपराधिक कसूर आरोपमा वर्ष २०८१ मा ठूलाठूला नेता पक्राउ परे । केही जेलमा छन् । केही थुनाबाहिर बसेर तारेख धाउँदै छन् । आपराधिक घटनामा मुछिँदा पनि केहीले भने उन्मुक्ति पाएका छन् । त्यसरी उन्मुक्ति पाउनेमा सत्तारुढ दलहरू नेपाली कांग्रेस र नेकपा एमालेका नेता छन् । केही अझै फरार छन् ।

यस वर्ष पछिल्लोपटक पक्राउ पर्नेमा विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं छन् । यही १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको राजावादी समूहको हिंसात्मक प्रदर्शनको नेतृत्व गरेका प्रसाईं बिहीबारमात्र पक्राउ परेका हुन् । दुईजनाको ज्यानसमेत गएको उक्त घटनालगत्तै फरार रहेका उनी भारतमा पक्राउ परेका थिए । प्रहरीले शुक्रबार झापाहुँदै काठमाडौं ल्याएर अदालतमा उपस्थित गराएको थियो । काठमाडौं जिल्ला अदालतले प्रसाईंलाई १२ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ ।

यसअघि सोही घटनामा संलग्न राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेताहरू पक्राउ परेका थिए । उनीहरू राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री डा. धवलशमशेर जबरा हुन् । प्रसाईं, मिश्र र जबराविरुद्ध राज्यविरुद्धको कसूरदेखि संगठित अपराधलगायत कसूरमा मुद्दा चलाउने प्रहरीको तयारी छ । उक्त आन्दोलनमा नेतृत्व गरेका पूर्वपञ्च नवराज सुवेदी भने नजरबन्दमा छन् । उक्त प्रदर्शनको क्रममा दुई जनाको मृत्यु भएको थियो । थुप्रै घाइते छन् । झण्डै ७० जना प्रहरी हिरासतमा पुगेका छन् ।

यस वर्ष पक्राउ परेकामध्ये ठूला नेतामा पर्छन्- पूर्वउपप्रधान तथा गृहमन्त्री रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने । उनी सहकारी ठगी प्रकरणमा गत २ कात्तिकमा पक्राउ परेका थिए । त्यसपछि कास्की, काठमाडौं, रूपन्देही र चितवन अदालतमा पेस गरिएका उनी तीन करोडभन्दा बढी धरौटीमा छुटेका थिए । तर, सोमबारदेखि उनी थुनामा परेका छन् । उनी हाल भैरहवा कारागारमा छन् ।

अघिल्लो वर्ष नक्कली भुटानी शरणार्थीकाण्डमा पूर्वकार्यवाहक प्रधानमन्त्री नै भएका कांग्रेस नेता बालकृष्ण खाणदेखि पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलगायत कारागार पुगेका थिए ।

> प्रहरीलाई स्वतन्त्रपूर्वक काम गर्न नै दिइँदैन तर त्यसरी काम गर्न दिइयो भने प्रहरीले क्षमता अनुसन्धानमा देखाउँछ
>
> ■ **हेमन्त मल्ल**
> पूर्वडिआइजी

क्रमश: पृष्ठ २ मा

## वर्ष २०८१ का प्रमुख घटना



**काठमाडौं (प्रस)–** अघिल्ला वर्षहरूझैं वर्ष २०८१ पनि राजनीतिक, आर्थिक र सामाजिक तथा विपद्‌जन्य घटनाका कारण चर्चामा रहन पुग्यो । मुलुकका दुई प्रमुख राजनीतिक दल मिलेर सरकार गठनदेखि पूर्वराजाको समर्थनमा भएको प्रदर्शन, सहकारी प्रकरण, ठूलो जनधनको क्षतिसहितको प्राकृतिक प्रकोप र दुर्घटना तथा अध्यादेश, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको पक्राउ र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बर्खास्तगीसम्बन्धी विषय चर्चित बने । वर्ष २०८१ मा भएका विभिन्न मुख्य घटना यसप्रकार छन् :

### राजनीतिक घटनाक्रम

**वैशाख १७ गते-** बझाङ जिल्लाको प्रदेशसभा १ मा भएको उपनिर्वाचनमा नेकपा एमालेका दमनबहादुर भण्डारी विजयी । वैशाख १८ गते- इलाम निर्वाचन क्षेत्र नं २ को उपनिर्वाचनमा नेकपा एमालेका सुहाङ नेम्वाङ विजयी ।

**वैशाख २७ गते-** नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की तेस्रोपटक कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त ।

**जेठ ४ गते-** सत्ता साझेदार तीन दल र प्रमुख प्रतिपक्षी दलबीच सहकारीमा भएको आर्थिक अपचलनका सन्दर्भमा संसदीय छानबिन समिति गठन गर्ने सहमति ।

**जेठ ७ गते-** प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रतिनिधिसभाबाट चौथोपटक विश्वासको मत ।

**जेठ १४ गते-** गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको विश्वासको मत असंवैधानिक ठहर गर्दै नेपाली कांग्रेसका सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री नियुक्त गर्न सर्वोच्च अदालतको परमादेश

**जेठ २३ गते-** मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादव विश्वासको मत पाउन असफल ।

**जेठ २५ गते-** मधेस प्रदेशका मुख्यमन्त्रीमा सतिशकुमार सिंह नियुक्त

**असार १९ गते-** सत्ता गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा एमालेद्वारा प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता

**असार २० गते-** नेकपा एकीकृत समाजवादीको अध्यक्षमा माधवकुमार नेपाल पुन: सर्वसम्मत चयन ।

**असार २२ गते-** मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई विश्वासको मत प्राप्त ।

**असार २८ गते-** विश्वासको मत नपाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल पदमुक्त ।

**असार ३० गते-** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त ।

**साउन ६ गते-** प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त ।

**साउन ८ गते-** बागमती प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका बहादुरसिंह लामा (तामाङ) नियुक्त ।

क्रमश: पृष्ठ २ मा


हार्दिक बधाई तथा

शुभकामना



वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था **नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**को ३१औं साधारणसभाबाट अध्यक्षमा निर्वाचित **भुवनसिंह गुरुङ**सहित सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूमा **हार्दिक बधाई** ज्ञापन गर्दछौं । मुलुकको अर्थतन्त्रमा झण्डै ३० प्रतिशत योगदान रहेको वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित, सुरक्षित र सम्मानित पेसाको रूपमा स्थापित गर्न नवनिर्वाचित कार्यसमितिले प्रभावकारी काम गर्न सकोस् भन्ने शुभेक्षासहित सफल कार्यकालको **शुभकामना** व्यक्त गर्न चाहन्छौं ।

**कृष्ण कार्की**
प्रबन्ध निर्देशक
तथा
**प्रभाव पब्लिकेशन प्रा. लि. परिवार**
सिफल-०९ काठमाडौं, फोन नं. ०१-४३७३५७७, ०१-४५८४३६८

पृष्ठ १ बाट क्रमशः

## सत्ताका जोगिए...

खाण हाल थुनाबाहिर छन् । रायमाझी थुनामै छन् । वर्ष २०८१ मा भने उपप्रधान तथा गृहमन्त्री भइसकेका लामिछाने पक्राउ परे । उनको सांसद पद निलम्बनको अवस्थामा छ । यही चैतको दोस्रो साता सभामुख देवराज घिमिरेलाई भेटेर उनले सांसद पद निलम्बन फुकुवा गर्न माग गरेका थिए । उनको सभापतित्वमा रास्वपाको बैठक पनि राखेका थिए । तर, उच्च अदालत बुटवलको आदेशले उनी थुनामा पुगे ।

सत्तापक्षका नेतालाई संरक्षण !

रविजस्तै सहकारी ठगी आरोपी हुन्–पूर्वकानुनमन्त्री रहेका कांग्रेस उपसभापति धनराज गुरुङ । ललितपुरको मितेरी सहकारी ठगीमा उनको संलग्नता रहेको सूर्य थापा सभापति रहेको संसदीय समितिले निष्कर्ष नै निकाल्यो । उनी स्वयंले आफूले नभई श्रीमती ज्योती गुरुङ सहकारीको व्यवस्थापक हुँदा भएको समस्यामा आफू जिम्मेवार नहुने बताएका थिए ।

तर, उनले पटक-पटक सहकारीको किस्ता तिरेको प्रमाण नै सार्वजनिक भइसकेको छ । यहीबीच नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनीसँग सोधपुछ गरिसकेको छ । तर, उनको दल कांग्रेस सत्तामा भएकै कारण उनले उन्मुक्ति पाएको टिप्पणी हुँदै आएको छ । राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल भन्छन्, 'सत्ताका मान्छे जोगिए, बाहिरका फसे ।'

सहकारी ठगी प्रकरणमै मोरङको उमागौरी सहकारीकी सञ्चालक अञ्जला कोइरालाले पनि थुनामा बस्नु परेन । केही दिन फरार भएर अदालतमा उपस्थित भएकै दिन उनलाई धरौटीमा अदालतले छाड्यो । उनी संसद्को सार्वजनिक लेखा समिति सभापति तथा एमाले सांसद ऋषिकेश पोखरेलकी श्रीमती हुन् । सहकारीको १० करोड रूपैयाँभन्दा बढी रकम हिनामिना गरेको आरोप उनीसहितलाई छ ।

काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगीमा कांग्रेस सांसद माया राई पनि मुछिइन् । उनीसमेतले सहकारी ठगी गरेको थापा प्रतिवेदन छ । उनलाई पनि हालसम्म प्रहरीको कुनै निकायले छानबिनको दायरामा ल्याएको छैन । उजुरी भने परेको छ । संसदीय समितिको छानबिनले नै उनी स्वर्णलक्ष्मी सहकारी ठगीमा संलग्न रहेको देखिएको छ ।

उता विभिन्न सहकारी ठगी प्रकरणमा मुछिएकी राप्रपा सांसद गीता बस्नेतविरुद्ध अदालतमा मुद्दा दायर भइसकेको छ । उनीविरुद्ध पक्राउ पुर्जी यसअघि नै जारी भएको छ । समाचार तयार गर्दासम्म उनी फरार छिन् । पूर्वी नवलपुरको छिपछिपे सहकारीको रकम निजी रिसोर्टमा लगेर दुरूपयोग गरी सर्वसाधरण बचतकर्ताको बचत डुबाएको अभियोग उनीविरुद्ध छ ।

कोशी प्रदेशका तत्कालीन आन्तरिक मामिला तथा योजनामन्त्री लिलावल्लभ अधिकारी मानव तस्करीजस्तो गम्भीर अपराधमा यही वर्ष पक्राउ परे । मानव तस्करसँग मिलेर उनले आफ्नै मन्त्रालयको कर्मचारी भन्दै केही युवालाई छापसहित लगाएर परिचयपत्र बनाउने र जापानसम्मै लाने कार्य गरेको आरोप लाग्यो । तर, पीडित भनिएकालाई नै मुद्दा लगाएर उनी भने जोगिए । उनी गत २६ कात्तिकमा पक्राउ परेका थिए ।

यही वर्ष पक्राउ परेका नेतामा दीपक मनाङे पनि पर्छन् । गत २७ कात्तिकदेखि उनी काठमाडौंको डिल्लीबजार कारागारमा छन् । उनी फेरि कारागार पुगेको भनेको ३१ वैशाख २०६१ मा काठमाडौंको महाराजगञ्जस्थित चुफाङ रेस्टुरेन्टमा अर्का गुण्डा नाइके चक्रे मिलन भनिने मिलन गुरुङलाई तरवार हानेको घटनाले हो ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल प्रहरीलाई स्वतन्त्रपूर्वक काम गर्न दिने हो भने जोकोहीलाई पक्राउ गरेर कानुनी दायरामा ल्याउन ल्याकत देखाएको बताउँछन् । 'प्रहरीमाथि दबाबदबाबै आउँछ । उसलाई स्वतन्त्रपूर्वक काम गर्न नै दिइँदैन तर त्यसरी काम गर्न दिइयो भने प्रहरीले क्षमता अनुसन्धानमा देखाउँछ,' उनले प्रभावसँग भने ।

■■■

## वैदेशिक रोजगार क्षेत्र...

गुरुङ आफू बोलीभन्दा पनि काममा विश्वास गर्ने बताउँछन् । जीवनको लामो समय यस क्षेत्रलाई दिएकाले यहाँको समस्याले आफूलाई पीडा हुने उनले बताए । यस क्षेत्रमा देखिएका फोहोरमैलाको शुद्धीकरण गर्ने उनको भनाइ छ ।

विजयी भएसँगै चुनावको समयमा गरेका प्रतिबद्धतालाई कार्यान्वयनमा लैजाने गुरुङले बताए । संघको व्यवस्थापकीय सुधार, सय संख्याको समस्याको अन्त्य, धरौटी रकमको ब्याज पाउने व्यवस्था, सेवा शुल्क तोकिनेलगायत विषयमा काम गर्ने प्रतिबद्धता उनले जनाएका थिए । व्यवसायीलाई फेरि एक सयको संख्याले समस्यामा पार्ने बेला भएकाले उक्त विषयमा सर्वप्रथम काम गर्ने उनको भनाइ छ ।

'समयमै पहल गरेर असारमा सबै व्यवसायीको एकैचोटि नवीकरण गर्ने वातावरण मिलाउँछु,' नवनिर्वाचित अध्यक्ष गुरुङले भने । आफ्नो १५ वर्षे अनुभवले यस क्षेत्रमा विभिन्न समस्या देखेको र ती समस्यालाई समाधान गर्ने अठोट लिएको उनले बताए । 'वैदेशिक रोजगार ऐनलाई समयसापेक्ष संशोधन गर्न सके धेरै समस्याको हल हुन्छ । यसको संसोधन मेरो प्राथमिकता हो,' उनले भने ।

■■■

## वैदेशिक रोजगार...

यसैगरी, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिका महेशकुमार बस्नेत विजयी भए । गुरुङ प्यानलका उनी ४२३ मतका साथ विजयी भएका हुन् । उनका प्रतिद्वन्दी डाइनामिक स्टाफिङ सोलुसन प्रालिका कर्णराज कटुवालले ३६२ मत प्राप्त गरे । संघका निवर्तमान सचिव कटुवाल लोकतान्त्रिक एसोसिएसनबाट विद्रोह गरेर प्रगतिशील मञ्चसँगको गठबधन्नमा मिसिएका थिए । एसोसिएसनबाट साधारण सदस्यमासमेत नरहनेगरी निलम्बनमा परेका कटुवाल निर्वाचनमा पनि विफल भएका छन् ।

सचिवमा आकृति रिक्रुटमेन्ट प्रालिका कुन्छादोर्जे डिम्दोङ विजयी भए । उनले ३७९ मत प्राप्त गर्दा गेलाल पक्षका उम्मेदवार कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रालिका अनिल बोगटीले ३११ मतमात्र हात पारे । उक्त पदमा स्वतन्त्र उम्मेदवारी दिएका अक्सन इन्टरनेसनल प्रालिका ईश्वर सापकोटाले ९३ मत पाए । कोषाध्यक्षमा कालिञ्चोक एचआर प्रालिकी धनु सिञ्जाली विजयी भइन् । गेलाल प्यानलकी उनले ४२८ हासिल गर्दै गुरुङ प्यानलका विक्रम श्रेष्ठलाई पराजित गरेकी हुन् । शुभहारती म्यानपावर प्रालिका श्रेष्ठले ३५१ मत प्राप्त गरे ।

यस्तै कार्यसमिति सदस्यमा रिजा ओभरसिज प्रालिकी रेखा शर्मा (४४४ मत), इगल म्यानपावर कन्सल्टेन्ट प्रालिका कृष्ण ढकाल (४४१), युनिभर्सल एचआर सोलुसन प्रालिका भरत सापकोटा (४३५), राज ग्रुप अफ कम्पनीका राज लामा तामाङ (४२९), रसुवा ओभरसिज प्रालिका सुवर्ण लामा (४१०), विनर एचआरकी हेमा गुरुङ (३९४), रियो ओभरसिजकी रमा खड्का (३९०), हिमालन भ्याली नेपाल प्रालिका देवीप्रसाद गिरी (३७७), सेक्युअर नेपाल जब प्लेसमेन्ट प्रालिका सुमनराज पाण्डे (३६०) र इम्पेरियल ओभरसिज प्रालिकी विद्यालक्ष्मी बज्राचार्य (३४९) निर्वाचित भएका छन् । निर्वाचित सदस्यहरूमा गुरुङ र खड्काबाहेक सबै गुरुङ प्यानलका हुन् ।

संघको २१ सदस्यीय कार्यसमितिमध्ये १७ जना निर्वाचन प्रक्रियामार्फत निर्वाचित गरिएको हो । बाँकी चार जना सदस्य अध्यक्षले मनोनीत गर्ने व्यवस्था रहेको संघले जानकारी दिएको छ ।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूले शनिबार बिहान निर्वाचन समितिसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् । संघको कूल मतदाता ८९३ रहेकामा ८१३ जनाले मात्र मतदान गरेका निर्वाचन समितिले जानकारी दिएको छ । निर्वाचनअघि भएको ३०औं र ३१औं साधारणसभाबाट संघको निवर्तमान कार्यसमितिले पेस गरेको प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गरिएको थियो ।

■■■

## वर्ष २०८१ ...

**साउन २० गते-** नेपाली कांग्रेसका कमलबहादुर शाह दोस्रोपटक सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्त ।

**भदौ ३१ गते-** संसदीय छानबिन विशेष समितिद्वारा गोर्खा मिडियाका सञ्चालकलाई कारबाही गर्न सिफारिस ।

**पुस ८ गते-** प्रतिनिधिसभा सदस्य रवि लामिछानेको सांसद पद निलम्बन ।

**चैत ५ गते-** स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन ।

**चैत १५ गते-** पूर्वराजा ज्ञानेन्द्र शाहको समर्थनमा काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनमा पत्रकार सुरेश रजकसहित दुई जनाको मृत्यु, घाइते, सार्वजनिक तथा निजी सम्पत्तिमाथि आगजनी र तोडफोड, जिल्ला प्रशासन कार्यालय काठमाडौंद्वारा कफर्चु आदेश ।

**चैत २० गते-** नेपाल शिक्षक महासंघको आह्वानमा शिक्षकहरूको काठमाडौं केन्द्रित आन्दोलन सुरू ।

### कूटनीति

**वैशाख ११ गते-** कतारका अमिर शेख तमिम विन हमाद अल थानीबाट नेपालको राजकीय भ्रमण ।

**जेठ २७ गते-** प्रधानमन्त्री पुष्पकमल दाहाल भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण कार्यक्रममा सहभागी ।

**जेठ २९ गते-** राष्ट्रपति रामचन्द्र पौडेल औपचारिक विदेश भ्रमणका क्रममा जेनेभा प्रस्थान ।

**असार १ गते-** राष्ट्रपति रामचन्द्र पौडेल जर्मनी भ्रमणमा ।

**भदौ १० गते-** ओमानका विदेशमन्त्री सैयद बद्रविन हमाद विन हमुद अबुसैदी नेपाल भ्रमणमा ।

**असोज ४ गते-** प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसंघको ७९औं महासभामा सहभागी हुन न्युयोर्क प्रस्थान ।

**कातिक २५ गते-** राष्ट्रपति रामचन्द्र पौडेल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघ सम्मेलन (कोप-२९) मा नेपालको प्रतिनिधित्व गर्दै अजरवैजान प्रस्थान ।

**मंसिर १६ गते-** प्रधामन्त्री केपी शर्मा ओली चीन भ्रमणका लागि प्रस्थान ।

**चैत १९ गते-** प्रधानमन्त्री केपी शर्मा ओली थाइल्याण्डको औपचारिक भ्रमण र बिम्स्टेकको छैटौं शिखर सम्मेलनमा सहभागी हुन थाइल्याण्ड प्रस्थान, भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता ।

### अपराध

**वैशाख १३ गते-** रौतहट जिल्ला अदालतद्वारा पूर्वमन्त्री अफताव आलमसहित चार जनालाई जन्मकैद ।

**वैशाख २७ गते-** केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)द्वारा काठमाडौंको नक्सालस्थित नेपाल बाल संगठन (बालमन्दिर) को जग्गा दुरूपयोग गरी अनियमितता गरेको आरोपमा २० जनाविरूद्ध पक्राउ पुर्जी जारी ।

**जेठ २ गते-** राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा उच्च अदालत पाटनद्वारा सफाइ ।

**कातिक २ गते-** पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ ।

**कातिक २० गते-** गण्डकी प्रदेशसभाका सदस्य 'दीपक मनाङे' भनिने राजीव गुरूङलाई ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतबाट पाँच वर्ष कैद सजाय ।

**चैत ५ गते-** काठमाडौंको टोखाबाट करिब २५ करोड रूपैयाँबराबरको विदेशी मुद्रा बरामद ।

**चैत २९ गते-** काठमाडौंको तीनकुनेमा हिंसात्मक प्रदर्शनलगत्तै फरार भएका विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाई झापाबाट पक्राउ ।

### पूर्वाधार निर्माण

**वैशाख ३ गते-** नागढुंगा-सिस्नेखोला सुरूङमार्ग आयोजनाअन्तर्गत सुरूङमार्ग छिचोलियो ।

**वैशाख १६ गते-** सुनकोशी-मरिण डाइभर्सन आयोजनाको सुरुङ छिचोलियो ।

**माघ १३ गते-** राष्ट्रिय गौरवको सिद्धबाबा सुरूङमार्गको सुरूङ... सात महिनामै छिचोलियो ।

### आर्थिक गतिविधि

**वैशाख १५ गते-** काठमाडौंमा तेस्रो लगानी सम्मेलन, ५२ देशका लगानीकर्ता नेपालमा ।

**जेठ १५ गते-** सरकारद्वारा आगामी आर्थिक वर्ष २०८१/८२ लाई आर्थिक सुधारको वर्ष घोषणा गर्दै १८ खर्ब ६० अर्ब ३० करोडको बजेट प्रस्तुत ।

**माघ १४ गते-** अमेरिकी सहयोग नियोग (युएसएड) मार्फत नेपाललाई प्राप्त अनुदान ९० दिनका लागि स्थगित ।

**चैत ९ गते-** एमसिसी परियोजना अघि बढाउने अमेरिकी सरकारको प्रतिबद्धता ।

### खेलकुद र पर्वतारोहण

**जेठ ९ गते-** कीर्तिमानी पर्वतारोही कामिरिता शेर्पा ३०औं पटक सगरमाथा शिखरमा ।

**जेठ १९ देखि असार १५ गते-** संयुक्त राज्य अमेरिका र वेस्ट इन्डिजमा सम्पन्न आइसिसी मेन्स टी-२० क्रिकेट विश्वकपमा नेपाल सहभागी । नेपाल लिग चरणबाट बाहिरिए पनि प्रभावशाली खेल प्रदर्शन ।

**पुस ६ गते-** जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपिएल) च्याम्पियन ।

### विविध

**असार ९ गते-** अख्तियार दुरूपयोग अनुसन्धन आयोगद्वारा मुख्यसचिव डा. वैकुण्ठ अर्यालविरूद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचारको अभियोगमा मुद्दा दायर । वरिष्ठ सचिव लीलादेवी गड्तौलालाई निमित्त मुख्यसचिवको जिम्मेवारी ।

**साउन ३० गते-** बेपत्ता पारिएका व्यक्तिको खोजविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयक प्रतिनिधिसभाबाट पारित ।

**भदौ १३ गते-** मुख्यसचिवमा एकनारायण अर्याल नियुक्त ।

**कातिक १४ गते-** तत्कालीन मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई विशेष अदालतद्वारा सफाइ ।

**मंसिर २ गते-** पूर्वसभामुख दमनाथ ढुंगानाको निधन ।

**मंसिर ६ गते-** राष्ट्रपति रामचन्द्र पौडेलद्वारा भारतीय सेनाका स्थलसेनाध्यक्ष उपेन्द्र द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान ।

**मंसिर २० गते-** विशेष अदालतद्वारा नेपाल वायु सेवा निगमको खरिद अनियमितता प्रकरणमा तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारसहित चार जना दोषी ठहर ।

**फागुन ३ गते-** संयुक्त राष्ट्रसंघको आह्वानमा द्वन्द्वरत मुलुक लेबनानमा खटिएको नेपाली शान्ति सैनिकमाथि आक्रमण ।

**फागुन ३ गते-** पोखरा भ्रमण वर्ष २०२५ को उद्घाटन समारोहमा बेलुन पड्कँदा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य घाइते ।

**फागुन ४ गते-** भारतको उडिसा भुवनेश्वरमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको शंकास्पद ढंगबाट मृत्यु ।

**फागुन २९ गते-** साहित्यकार लीलबहादुर क्षेत्रीको निधन ।

**चैत १ गते-** उपभोक्ता अदालत गठन ।

**चैत ४ गते-** नेपाल प्रहरीको महानिरीक्षकमा दिपक थापा नियुक्त ।

**चैत ९ गते-** राष्ट्रिय समाचार समितिका पूर्वअध्यक्ष एवं वरिष्ठ पत्रकार माधवरसिंह बस्नेतको निधन ।

**चैत ११ गते-** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ पदमुक्त ।

**चैत १७ गते-** लेखक, कूटनीतिज्ञ एवं वरिष्ठ पत्रकार कमलप्रसाद कोइरालाको निधन ।

**चैत २४ गते-** राष्ट्रिय समाचार समितिका पूर्वप्रमुख समाचारदाता एवं वरिष्ठ पत्रकार भैरव रिसालको निधन ।

### घटना-दुर्घटना

**असार १७ गते-** रोल्पामा जिप दुर्घटना हुँदा सात जनाको मृत्यु ।

**असार २८ गते-** नारायणगढ-मुग्लिन खण्डअन्तर्गत सिमलतालमा पहिरो जाँदा ६२ जना यात्रु बोकेका दुईवटा बस त्रिशूली नदीमा बेपत्ता ।

**साउन ९ गते-** काठमाडौंबाट पोखराका लागि उडेको सौर्य एयरको विमान त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल परिसरभित्रै दुर्घटना हुँदा १८ जनाको मृत्यु ।

**साउन २३ गते-** काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको केही क्षणमै एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटनामा पाँच जनाको मृत्यु ।

**भदौ ३ गते-** बझाङ, जाजरकोट र स्याङ्जामा पहिरोमा परी आठको मृत्यु ।

**भदौ ७ गते-** भारतीय पर्यटक सवार बस पृथ्वी राजमार्गको आँबुखैरेनीमा दुर्घटना हुँदा २७ को मृत्यु, १६ घाइते ।

**भदौ ९ गते-** रामेछापको दोरम्बा सैलुङ गाउँपालिका-३, टोकरपुरस्थित लेकखर्कमा पहिरोले वस्ती बगाउँदा छ जनाको मृत्यु ।

**असोज १२ गते-** अविरल वर्षाका कारण बाढीपहिरो र डुबानमा परी ९० जनाको मृत्यु, ७२ घाइते ।

**असोज १३ गते-** दुई दिनदेखिको वर्षाका कारण काठमाडौं आउँदै गरेका दुईवटा माइक्रो बस र एउटा बस झ्याप्ले खोलाको पहिरोमा पुरिँदा ३५ जनाको मृत्यु ।

**असोज १७ गते-** काभ्रेको तेमाल गाउँपालिका-२ ढडेन पाखामा गएको पहिरोमा परी एकै परिवारका छ जनाको मृत्यु ।

**असोज ३० गते-** महेन्द्रनगरबाट बैतडीको पुर्चौंडीतर्फ गएको रात्रिबस दुर्घटनामा पाँचको मृत्यु, १२ घाइते ।

**मंसिर १४ गते-** रामेछापको गोकुलगंगा गाउँपालिका-६ मा गाडी दुर्घटना हुँदा पाँचको मृत्यु ।

**माघ २६ गते-** सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा आगलागी । *(रासस)*


**लिक्वीडेटर कार्यालयको हकदावी सबन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७४-०४-३२ मा दर्ता भएको प्रा. लि. नं. १७३२४१ को **कन्सल्टीङ्ग इन्जिनियर्स नेटवर्क** (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०८१।१२।०३ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर बहादुर रोकाया इजाजत पत्र नं. २८७**
**फोनः ९८५११६३७२३**

**लिक्वीडेटर कार्यालय को हकदावी सबन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिस् २०७४-११-२२ मा दर्ता भएको प्रा. लि. नं. १८५१३१ को **नेपालगञ्ज इन्फ्रास्ट्रक्चर** (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।१२।०३ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर बहादुर रोकाया इजाजत पत्र नं. २८७**
**फोनः ९८५११६३७२३**

**लिक्वीडेटर कार्यालय को हकदावी सबन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २)६३ वमोजिम मितिः २०७४-०४-३२ मा दर्ता भएको प्रा.लि.नं. १७३२४० को **इन्जिनियरिङ्ग टेक्नोलोजी एण्ड रिसर्च एसोसियसन** (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।१२।०३ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर बहादुर रोकाया इजाजत पत्र नं. २८७**
**फोनः ९८५११६३७२३**

**लिक्वीडेटर कार्यालय को हकदावी सबन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७३-१२-२९ मा दर्ता भएको प्रा.लि.नं. १६६९०२ को **आकृति निर्माण सेवा** (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।१२।०३ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर बहादुर रोकाया इजाजत पत्र नं. २८७**
**फोनः ९८५११६३७२३**


# शिक्षक आन्दोलन निरन्तर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकार र नेपाल शिक्षक महासंघबीच विगतमा भएका सम्झौता कार्यान्वयनको माग गर्दै राजधानी केन्द्रित शिक्षक आन्दोलन शनिबार पनि जारी रह्यो । प्रत्येक दिन बिहान ११:०० बजे माइतीघर-बबरमहलमा भेला भई जिल्लागत रूपमा ब्यानरसहित जुलुस प्रदर्शन, सडकमै भाषण, गीतसंगीत र नाचगान गर्नु आन्दोलनरत शिक्षकको दिनचर्या नै बनेको छ ।

आन्दोलनमा सहभागिताको लेखाजोखा गर्न सडकमै शिक्षक तथा विद्यालय कर्मचारीको हाजिरी गर्ने गरिएको छ । आन्दोलनमा देशभरबाट शिक्षक र विद्यालय कर्मचारीको प्रतिनिधिमूलक सहभागिता रहे पनि महासंघले काठमाडौं उपत्यकाको हकमा भने सबै शिक्षक र कर्मचारीलाई आन्दोलनमा अनिवार्य उपस्थितिका लागि उर्दी नै जारी गरेको छ ।

अक्षर सिकाउने, लेखाउने अनि घोक्न लगाउने गुरुबा/आमा सम्मिलित आन्दोलन हालसम्म अरूलाई प्रेरणा दिने गरी शालीन, शान्तिपूर्ण र सभ्य नै देखिन्छ । आन्दोलनका क्रममा शिक्षकहरूले हात हल्लाउने, मोबाइलको लाइट बाल्ने, सडकमा नै सुत्ने, सिग्री बनाउनेजस्ता कार्यक्रममार्फत सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

शिक्षकहरू शिक्षण सिकाइमा प्रयोग गरिने उपकरण, माइक, मादलसहित आन्दोलनमा सहभागी भएका देखिन्छन् । साथै, स्थानीय कलासंस्कृति, वेशभूषाअनुसार सांस्कृतिक प्रस्तुतिमार्फत आफ्ना माग पूरा गर्न सरकारलाई खबरदारी गर्ने शैली पनि अपनाइने गरिएको छ । नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिले आन्दोलन सुरु गरेको दशौं दिन भयो । महासंघले सरकारले खास कुरा सुनेको छैन भन्ने लागे पनि नआत्तिकन आन्दोलनलाई उचाइमा पुर्‍याउन साथ, सहयोग र समर्थनका लागि आह्वान गरिरहेको छ ।

शनिबार दशौं दिन पनि सहभागीलाई ढाडस दिँदै शिक्षक प्रतिनिधिले भनिरहेका थिए, 'दिनदिनै आइएको छ, बसिएको छ, खै उपलब्धि के भयो र ! भन्ने लाग्न सक्छ, नआत्तिनुस् उपलब्धि हुने क्रममा छ । हामीले यहाँ आए र कराएको सरकारले हेरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले प्रसारण गरिरहेका छन्, तपाईंहरूको मिहेनत निरर्थक हुँदैन । आन्दोलन लम्बिन सक्छ तर थाक्ने र भाग्ने नगर्नुस् ।'

धनुषाका शिक्षक सञ्जीवकुमार यादवले पेसागत हकहितका लागि बाध्यताले आन्दोलनमा उत्रनुपरेको प्रतिक्रिया दिए । उनले भने, 'हामीहरूको एउटै माग मुद्दा भनेको सरकार र शिक्षक संगठनबीच भएका सम्झौता कार्यान्वयन र नयाँ शिक्षा ऐन जारी हुनुपर्छ भन्ने हो ।'

आन्दोलनमा सहभागी काभ्रेका शिक्षक कृष्णप्रसाद उप्रेतीले नतिजा प्रकाशन गरेर भर्ना अभियानमा लाग्नुपर्नेमा सरकारले विगतमा गरेको सम्झौताअनुसार नयाँ शिक्षा ऐन नल्याएकाले आन्दोलन गर्नुपरेको प्रतिक्रिया दिए । 'आन्दोलन शिक्षकको मात्र नभई विद्यालयका प्रशासनिक कर्मचारी, सहयोगी, अस्थायी, करार, राहतमा रहेका शिक्षकले रित्तोहात घर फर्कनु परिरहेको अवस्था अन्त्यका लागि हो, त्यसका लागि छिटो शिक्षा ऐन आउनुपर्छ,' उनले भने ।

शिक्षक महासंघ खोलुखुम्बुका अध्यक्ष डण्डीकुमार खतिवडाले सरकारसँग वि.सं. २०८० असारमा भएको सहमति कार्यान्वयन गर्ने मामिलामा बेवास्ता भइरहेकाले आन्दोलन गर्नुपरेको सुनाए । उनले भने, 'अभिभावक र विद्यार्थीलाई मर्का नपर्ने गरी उपयुक्त समयको छनोट गरी आन्दोलनमा आएकाले यसपटक उधारो नभई परिणाम हात पारेर मात्र फर्कने प्रण गरेका छौं ।'

आन्दोलनमा स्थायी, अस्थायी, करार, बाल विकास शिक्षा, राहत, विद्यालय कर्मचारी, सहयोगी, साबिक उच्च मावि, सिकाइ अनुदानलगायत शिक्षकहरू सहभागी छन् ।


**खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१२/३१**

कात्तिके ठुलोचौर सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भई रामप्रसाद राई गा.पा. वडा नं. ५, भोजपुरमा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको १९५९.१५ क्यू. फिट काठ जे-जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कात्तिके ठुलोचौर सामुदायिक वन उपभोक्ता समूह**
**रामप्रसादराई गाउँपालिका वडा नं.-५, भोजपुर**
**सम्पर्क नं.:- ९८४२१५५३१८ (अध्यक्ष), ९८४२११५६०९ (कोषाध्यक्ष)**

**काठ शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्रिको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८१/१२/३१ गते**

एकपाईले सा.व.उ.स., चुलाचुली गा.पा.६ इलामको वनबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समुहको घाटगढीमा लट बनाई राखिएका काठहरू डि.व.का. इलामको च.नं. १०१०२ मिति २०८१/१२/२१ गतेको लिलाम सहमती अनुसार साल चिरान थान ९८६ को ७६९.११ क्यु.फि. र अन्य चिरान थान २४३ को २१७.२० क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सा.ब.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री एकपाईले सा.व.उ.स.**
**चुलाचुली गा.पा.६ इलाम**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८१/१२/३१ गते**

सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका वाड नं.२ मा सञ्चालित **श्री हिमालयन शेर्पा बुद्धिष्ट आधारभूत विद्यालय** फुग्मोछेको मिति २०८१/१२/२४ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपशिल बमोजिमको शिक्षक दरबन्दी पदपुर्ति गर्न'पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवश्यक कागजातको साथ दरखास्तका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल विज्ञापन नं.– ००१/८१**
- तह श्रेणीः-प्रा.वि. तृतीय
- दरबन्दीको किसिमः-राहात
- पद संख्या-१ (एक)
- शैक्षिक योग्यता -१०+२ (आई.एड)
- तलब स्केल-नेपाल सरकारले तोके बमोजिम

**आवश्यक कागजातहरू**
- हस्तलिखित निवेदन
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २ थान
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ थान
- स्थायी अध्यायपन अनुमति पत्रको प्रतिलिपि २ थान

**परीक्षाको किसिम**
लिखित र अन्तवार्ता
परीक्षा दस्तुर रु. २,०००।-पछि फिर्ता नहुने गरी ।
दरखस्ता दिने अन्तिम मितिः- २०८२/०१/०७ गतेसम्म कार्यालय समयभित्र ।
**उमेर** :– १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
परिक्षा मितिः पछि तोकिनेछ ।
**नोट**:- शिक्षक सेवा आयोगद्धारा उल्लेखित करार सूचीमा नाम रहेकाहरूको आवेदन पर्न आएमा अन्य निवेदन स्वत रद्ध हुनेछ ।

**सम्पर्कका लागिः प्रधानाध्यापक ९८६२९८४४६४**

**श्री हिमालयन शेर्पा बुद्धिष्ट आधारभूत विद्यालय, फुग्मोछे**
**सोलुदुधकुण्ड नगरपालिका-२, सोलुखुम्बु**

# शैक्षिकसत्र अगावै पुग्यो जुम्लामा पाठ्यपुस्तक

**जुम्ला (प्रस)–** हिमाली जिल्ला जुम्लामा पाठ्यपुस्तक पुगेको छ । शैक्षिक सत्र सुरु नहुँदै जिल्लामा यस वर्ष समयमै पाठ्यपुस्तक पुगेको हो । देशभर नयाँ शैक्षिक सत्र वैशाख १ गतेदेखि सुरु हुने गर्दछ । हिमाली जिल्लामा केही वर्ष पहिले फागुनदेखि नयाँ शैक्षिक सत्र सुरु हुने गर्दथ्यो । दुई शैक्षिक सत्र अघिदेखि जुम्लामा वैशाखदेखि नै सुरु हुने गरेको छ । यस वर्ष शैक्षिक सत्र सुरु हुनुअगावै जिल्लामा पाठ्यपुस्तक आइपुगेको सदरमुकाम खलंगा बजारमा रहेको सन्ध्या स्टेसनरीका सञ्चालक सुमन खड्काले जानकारी दिए ।

नयाँ शैक्षिक सत्रका लागि जिल्लामा गत चैत १७ गते पाठ्यपुस्तक पुगेको छ । खड्काले भने, 'कक्षा १-५ सम्मको एक हजार ५०० रूपैयाँ सेटको र कक्षा ६-१० सम्मको दुई हजार रूपैयाँ प्रतिसेटमा पाठ्यपुस्तक आइपुगेको छ, यहाँका आठ स्कुलले पाठ्यपुस्तक लिएका छन्, अझै विद्यालयबाट माग आउँदै छ, आन्दोलनका कारण शिक्षक बाहिर छन्, अहिले कमैमात्र बिक्री भइरहेको छ । स्कुल खुलेपछि पाठ्यपुस्तक लिनेको संख्या बढ्ने उनको भनाइ छ ।

यहाँका सामुदायिक विद्यालयलाई जिपी स्टेसनरी र सन्ध्या स्टेसनरीले पाठ्यपुस्तक बिक्री-वितरण गर्दै आएका छन् । यस्तै कनकासुन्दरीको दर्पण स्टेसनरी, सिँजाको कर्णाली र तिलाको दीपकैलाश स्टेसनरीले पाठ्यपुस्तक बिक्री वितरण गर्दै आएका छन् । जिल्लाभर करिब १४५ सामुदायिक विद्यालय रहेका शिक्षा विकास तथा समन्वय एकाइले जानकारी दिएको छ ।

# दशरथनगरमा नवनिर्मित धर्मशालाको उद्घाटन

**जनकपुरधाम (प्रस)–** जनकपुरधाम उपमहानगरपालिका-८ स्थित दशरथनगरमा नवनिर्मित पक्की धर्मशाला भवनको उद्घाटन गरिएको छ । मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले शनिबार उद्घाटन गरेका हुन् ।

मिथिला सांस्कृतिक संरक्षण परिषद् जनकपुरधामले २० करोड रूपैयाँको लागतमा पक्की धर्मशाला भवन बनाएको हो । हनुमान् जयन्तीका अवसरमा मिथिला अवध सांस्कृतिक संरक्षण परिषद् जनकपुरधामद्वारा आयोजित समारोहमा भवनको उद्घाटन गरिएको हो । दशरथनगरमा परिषद्द्वारा २२ क√ा जमिनमा निर्माण गरिएको सो भवन पाँचतलाको रहेको छ ।

नेपाल तथा भारतका विभिन्न सामाजिक संघसंस्था र धार्मिक तथा सामाजिक व्यक्तिहरूको आर्थिक सहयोगमा निर्माण भएको धर्मशाला हाताभित्र सभा हल, शौचालय तथा पक्की भान्साघर तथा पार्किङकोसमेत व्यवस्था गरिएको मिथिला अवध सांस्कृतिक संरक्षण परिषद्का अध्यक्ष डा. गौराग मिश्रले जानकारी दिए ।

उक्त अवसरमा मुख्यमन्त्री सिंहले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक रूपमा ख्यातिप्राप्त तथा सीता माताको जन्मभूमिस्थल जनकपुरधामको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गरी धार्मिक पर्यटनको आकर्षण बढाउनुपर्ने सबैलाई आग्रह गरे । साथै उनले जनकपुरधाममा आउने पर्यटक तथा हिन्दू धर्मावलम्बीलाई गुणस्तरीय सेवा प्रदान गर्ने किसिमको वातावरण बनाउन पनि अपिल गरे ।

# मुस्ताङको घरपझोङ स्वास्थ्य शिविर, ३५३ जना लाभान्वित



**मुस्ताङ (प्रस)–** मुस्ताङमा गरिएको नि:शुल्क स्वास्थ्य परीक्षणमा ३५३ जना लाभान्वित भएका छन् । मुस्ताङको जोमसोम, ठिनी र मार्फामा बिहीबार र शुक्रबार ४० वर्ष भन्दामाथि उमेरका नागरिकको परीक्षण गरिएको हो ।

प्रादेशिक स्वास्थ्य निर्देशानलय (गण्डकी प्रदेश) को आयोजना, मुस्ताङको घरपझोङ गाउँपालिका कार्यालयको समन्वय तथा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला गण्डकी प्रदेश, प्रदेश जनस्वास्थ्य कार्यालय मुस्ताङ, प्रदेश अस्पताल मुस्ताङ र प्रदेश आयुर्वेद चिकित्सालय मुस्ताङको सहकार्यमा नसर्ने रोगको बृहत् स्वास्थ्यपरीक्षण सम्पन्न भएको प्रादेशिक स्वास्थ्य निर्देशानलय गण्डकी प्रदेशका जनस्वास्थ्य अधिकृत कमल रानाभाटले जानकारी दिए ।

उनले नसर्ने रोग पहिचान गर्न बृहत स्वास्थ्य शिविर सञ्चालन गरिएको बताए । मुस्ताङमा नसर्ने रोगको पहिचान गरी त्यस्ता समस्या भएका बिरामीलाई उपचारमा सहयोग पुऱ्याउन उद्देश्यले बृहत् स्क्रिनिङ परीक्षण गरिएको हो । नसर्ने रोगको स्वास्थ्य परीक्षणअन्तर्गत मुस्ताङको घरपझोङ गाउँपालिकाको जोमसोममा १२८ जना, ठिनीमा १०९ जना र मार्फा गाउँमा १६ जनाले परीक्षण गराएको प्रादेशिक स्वास्थ्य निर्देशानलयका जनस्वास्थ्य अधिकृत रानभाटले उल्लेख गरे ।

यसैगरी शनिबार मुस्ताङको मार्फामा परीक्षण भइरहेको छ । मुस्ताङको घरपझोङ-४ जोमसोम र घरपझोङ-५ ठिनीमा गरी २२८ जना नसर्ने रोगको स्वास्थ्य परीक्षणबाट लाभान्वित भएको जनाइएको छ । नसर्ने रोगको बृहत् स्क्रिनिङ परीक्षण शिविरमा स्थानीय नागरिकको उत्साहजनक सहभागिता रहेको घरपझोङ गाउँपालिकाका स्वास्थ्य संयोजक कर्णबहादुर थकालीले उल्लेख गरे ।

नसर्ने रोगको स्क्रिनिङ परीक्षणको नमूना म्याग्दीको बेनी अस्पतालमा पठाइएको छ । त्यसको रिपोर्ट दुई दिनपछि सम्बन्धित व्यक्तिलाई उपलब्ध गराएर चिकित्सकीय परामर्श दिइने स्वास्थ्य संयोजक थकालीको भनाइ छ । नसर्ने रोगको बृहत् स्वास्थ्य शिविरमा रगत र पिसाबको परीक्षण, उचाइ, तौल, ब्लडप्रेसर, मधुमेह, मिर्गौला, कलेजोको परीक्षण तथा मुटु रोगको जोखिमको स्क्रिनिङ परीक्षण गरिएको हो ।

# भरतपुर अस्पतालमा प्लास्टिकका झोला प्रतिबन्धित

**चितवन (प्रस)–** भरतपुर अस्पतालले वातावरण प्रदूषणक प्लास्टिकका झोलामा प्रतिबन्ध लगाएको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्णप्रसाद पौडेलका अनुसार अस्पतालको फार्मेसी र अस्पतालभित्रका खाजा घरमा पनि प्लास्टिकका झोला प्रयोगमा रोक लगाइएको हो । उनले भने, 'फार्मेसीमा औषधि दिँदा र खाजाघरमा कागजको झोलाको प्रयोग गरिएको छ ।'

अस्पतालमा बिरामी भेट्न आउँदा कागजका झोला र कपडाका झोला प्रयोग गर्न अस्पतालले बिरामीका आफन्तहरूलाई आग्रह गरेको छ । अस्पतालले कुनै पनि कार्यक्रममा प्लास्टिकका सामग्रीको प्रयोग नगर्ने उनले बताए । प्लास्टिकका झोलाले वातावरणलाई हानि गर्ने भएकाले प्रयोगमा रोक लगाइएको हो ।


**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office, Kanchanpur

### Invitation for Bids (IFB) No. 11-IDOKAN/081/82

**Date of first publication: 2081-12-31 (13th April, 2025)**

1. Infrastructure Development Office, Kanchanpur invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| Contract No. | Name and Location of the Construction Work | Estimated Amount (Including VAT & PS) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| IDOKAN/W/ SQ/081/82-102 | Belauri bhitri chakrapath sadak kalopatre belauri na pa kanchanpur | 1,933,091.81 | 45,000 | 1,000 |
| IDOKAN/W/ SQ/081/82-103 | Simri Dasharatha basti Amraiya Ganeshabasti Dhakka Belauri Samma Sadak, Purnawasa 5,2, Kanchanpur | 1,933,276.96 | 45,000 | 1,000 |
| IDOKAN/W/ SQ/081/82-104 | Sauna Chaurahabat Utar naya nahar hudai wada no 8 chaulali marga Samma Sadak, Bedkot.Na.Pa. 7 and 8, Kanchanpur | 1,932,653.12 | 45,000 | 1,000 |
| IDOKAN/W/ SQ/081/82-105 | Araniko basti dekhi moti basti hudai balbhadra Sadak, Purnawasa 1,2, Kanchanpur | 1,933,159.77 | 45,000 | 1,000 |
| IDOKAN/W/ SQ/081/82-106 | Krishna mavi dekhi atterya patti samma sadak krishnapur 05, kanchanpur | 1,932,845.92 | 45,000 | 1,000 |
| IDOKAN/W/ SQ/081/82-107 | Maru chowk dekhi Bandevi Samudayik ban samma sadak, Krishnapur 5, Kanchanpur | 1,932,601.05 | 45,000 | 1,000 |
| IDOKAN/W/ NCB/081/82-108 | Ganesh Marg Surya Marg Sadak Nirman, Bhi Na Pa 18 | 2,416,620.61 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-109 | Pipal Chautara chok dekhi miteri pul hudai chauraha sammako sadak, Suklaphanta 2 and 1; Shivlingeshwar Dham jane sadak, Bedkot 4, Kanchanpur | 2,416,683.47 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-110 | Pipal Chatara dekhi pachim Bhi.Na.Pa.6 ko Simana Samma Sadak Baijnath Tol; Nabdurga madhuban tol Pipalchautara dekhi utar 6 ra 7 simana jodne sadak Bhi. Na.Pa.6; Purnagiri tol sadak Nirman; Purnagiri Kha.Pa.tank dekhi trikona chok hudai Tribeni chok samma dhal nikasha sadak, Bhi.Na.Pa.7 and 6 , Kanchanpur | 2,417,428.13 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-111 | Bhi.Na.Pa.8 Shiddanath tolko Mahakali shichai tesro charanako mul nahar dekhi Utar devbhumi bhumigat sichai hudai khelmaidan jodne adhuro sadak; Mahadurga tol ra Niglasaini tolko simana hudai Tanakpur link road sadak, Bhi. Na.Pa.9; Malikarjun A.Bi.Brahmadev jane sadak, Bhi.Na.Pa.9 , Kanchanpur | 2,417,189.75 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-112 | Bhi.Na.Pa.18 Madan Aashirit smirti Bhawan dekhi Amar Sahid AA.Bi. Samma Sadak; Purano Kathepul dekhi wada no.15 Radhakrisha chauk Samma Sadak, Bhi.Na.Pa.18, Kanchanpur | 2,417,031.83 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-113 | Bamjan Chiyara mil dekhi purb IBRD Samma sadak, Purnawasa; Maili Bazar hulaki Sadak dekhi Utar Gurunga Chok Sadak Purnwasa, Kanchanpur | 2,417,249.79 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-114 | Shanti tol Sadak, Purnawasa 2; Chandrawala chokdekhi Shib mandir hudai jane Sadak Purnwasa 5, Kanchanpur | 2,417,896.75 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-115 | Construction of Approach Road of Nakaiya Nala Belauri 6 | 2,416,913.44 | 55,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-116 | Bhi.Na.Pa 11 Bareli tol dekhi 12 ko simana samma Sadak, Bhi.Na.Pa. 12 Unnati tolko Sadak, Kanchanpur | 2,899,954.52 | 65,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-117 | Bhi.Na.Pa.13 Shaja chauraha dekhi shibnath tol samma Sadak; Bhi.Na.Pa.16 Basnet ko Mil dekhi naya gau chauraha Samma Sadak, Kanchanpur | 2,899,927.22 | 65,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-118 | Jipraka jok dekhi nildeb pokharelko ghar hudai jane sadak, Purnawasa 6; Durga Ma Bi chokdekhi Aanand Bazar Samma, Purnwasa,04, Kanchanpur | 3,866,232.71 | 85,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-119 | Sana Kisan chok dekhi Utarkal bhairab mandir sadak, Purnawas 5; Hariyali tol Sadak, Purnwasa,09, Kanchanpur | 3,866,633.31 | 85,000 | 3,000 |
| IDOKAN/W/ NCB/081/82-120 | Bamjon Chok hulaki sadak dekhi Utar Sarswati MaBi hudai Amariya Jho.pu. Lalajhadi GaPa jodne Sadak, Purnawasa 2; Ganesha basti khamariya hudai puraina Amriya hudai chinimil jonde khetako Sadak, Purnwasa,01 and 2, Kanchanpur | 3,866,251.42 | 85,000 | 3,000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp and may obtain further information at Infrastructure Development Office, Kanchanpur mail address idokanchanpur@gmail.com

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### वैदेशिक रोजगार व्यवसायको साख उठाउने अवसर

**वैदेशिक रोजगार नेपालीहरूको रहर होइन, बाध्यता बनेको छ । मुलुकमा रोजगारीको अवसर नहुँदा हरेक दिन करिब दुई हजारको हाराहारीमा युवाहरू विदेसिने गरेका छन् । यो क्रम तत्काल रोकिनेवाला छैन । किनकि राज्यले मुलुकमै रोजगारीको अवसर सिर्जना गर्न सकिरहेको छैन । यसरी बाध्यात्मक कारण रोजगारीका लागि विदेसिएका युवाहरूले पठाउने विप्रेषणले मुलुकको त्राण धान्ने काम गरेको छ । कोभिड महामारी, भूकम्प, बाढीपहिरोलगायत प्राकृतिक प्रकोपलगायतका कारण अर्थतन्त्र संकटमा परेको बेला विप्रेषणले निरन्तर टेको दिने काम गर्दै आएको छ । अहिले अर्थतन्त्रको एकतिहाइ अर्थात् करिब ३० प्रतिशत विप्रेषणले ओगटेको छ ।**

**अर्थतन्त्रमा यति योगदान गरिरहेको वैदेशिक रोजगार क्षेत्र आफैं भने समस्यै समस्यामा रुमल्लिएको अवस्था छ । विशेषगरी यस क्षेत्रमा कामदारमाथि हुने ठगीका घटनाहरूले यो क्षेत्रलाई बद्नाम गराउँदै आएको छ । वैदेशिक रोजगार व्यवसायीहरूले जथाभावी रकम असुल्ने तर कामदारको सुरक्षामा ध्यान नदिने प्रवृत्तिका कारण यो व्यवसायलाई हेर्ने आम मानिसको नजर राम्रो छैन । कमाउधन्दामा लागेका कतिपय व्यवसायीका कारण समग्र व्यवसायी नराम्रो आरोपमा मुछिएका छन् । केही व्यवसायीहरूको 'सिण्डिकेट' ले पनि व्यवसायलाई बद्नाम गराइरहेको व्यवसायी स्वयं बताउँछन् ।**

**यहीबीच वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नयाँ नेतृत्व पाएको छ । भुवनसिंह गुरुङ निर्वाचनमा नरेश गेलाललाई पराजित गर्दै अध्यक्षमा निर्वाचित भएका छन् । गुरुङले यसअघि पनि संघको पदाधिकारी बनेर काम गरिसकेका छन् । तृतीय र द्वितीय उपाध्यक्ष भएर काम गरिसकेको अनुभवसहित उनी यसपालि अध्यक्ष बनेका हुन् । दुई दशकभन्दा बढी समयदेखि यो पेसामा संलग्न रहँदै आएका अनुभवी नेतृत्व संघले पाएको छ । उनले वैदेशिक रोजगार व्यवसायलाई शुद्धीकरण गर्ने उद्घोष गरेका छन् । विशेषगरी व्यवसायीका समस्या समाधान र यो व्यवसायभित्र रहेको एकाधिकार अन्त्य गर्न लागिपर्ने उनको प्रतिबद्धता छ ।**

**गुरुङको प्रतिबद्धतालाई व्यवसायीहरूले मतदानमार्फत अनुमोदन गरिदिएका छन् । अब काम गर्ने जिम्मा उनी नेतृत्वको कार्यसमितिको काँधमा आएको छ । प्रतिबद्धताअनुसार नतिजा दिन सक्लान् वा नसक्लान्, त्यो प्रतीक्षा गर्नुपर्ने छ । वैदेशिक रोजगार क्षेत्रलाई हेर्ने जुन अहिलेको नजर छ, यसलाई बदल्ने अवसर गुरुङले पाएका छन् । यसका लागि संघले अब व्यवसायीको मात्र हितलाई जोड दिएर पुग्दैन । मुख्य विषय भनेको कामदारको हित हो । विदेशमा नेपाली कामदार गएर सम्मानित र सुरक्षित रूपमा काम गर्ने वातावरण बनाउन सके संघको गरिमा त बढ्ने छ नै, सँगै वैदेशिक रोजगार व्यवसायलाई हेर्ने आम मानिसको नजर अवश्य बदलिने छ ।**

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तै: बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# सुशासनको प्रत्याभूति: आजको प्रमुख आवश्यकता



■ हरिविनोद अधिकारी

राजनीतिक वृत्त र आमजनमानसमा अहिले एउटा प्रश्न उठिरहेको छ, प्रतिनिधिसभामा झण्डै दुईतिहाइ संख्या ओगट्ने देशका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको शक्तिशाली सरकारले पनि तत्काल देखिएका राजनीतिक समस्याको समाधान गर्न सकेन भने अरु कसले, कसरी गर्न सक्छ होला ? देशकासामु तेर्सिएका जल्दाबल्दा समस्या टाढैबाट देखेर पनि होला, संसद्का दुई ठूला दल मिलेर संयुक्त सरकार बनाउने अठोट गरेका हुन् ।

इतिहास साक्षी छ, २०१७ साल पुस १ गते राजा महेन्द्रबाट हठात् अपहरित प्रजातन्त्रको पुनःस्थापना गर्न, प्रजातान्त्रिक व्यवस्थाका लागि लामो संघर्षपछि मुलुकमा २०४६ चैत २६ गते प्रजातान्त्रिक-बाम एकताको जगमा प्रजातन्त्र पुनःस्थापना भएको थियो । वि.सं. २०५२ देखि सुरु भएको १० वर्षे सशस्त्र युद्धपछि राष्ट्रिय सहमतिका आधारमा २०६३ साल वैशाख ११ गते फेरि समावेशी लोकतन्त्रका लागि विघटित प्रतिनिधिसभाको पुनःस्थापना भएको थियो र संविधानसभाको पहिलो ऐतिहासिक बैठकबाट वि.सं. २०६५ जेठ १५ गते मुलुकमा गणतन्त्र स्थापना भएको थियो । तत्कालीन महाराजले पनि आफूलाई जनताको नासो बुझाउन पाएको भन्दै गणतन्त्रलाई आत्मसात् गरिएको थियो । त्यतिमात्र होइन, विभिन्न दलका नेताहरूले पनि मुलुकमा प्रजातान्त्रिक व्यवस्था अपनाउने र त्यस्तो व्यवस्था संसदीय प्रजातन्त्रका रूपमा लोकतान्त्रिक व्यवस्थालाई अग्रगामी राजनीतिका रूपमा स्वीकार गर्दै पहिलेका गल्तीहरू फेरि नदोहोऱ्याइ, मुलुकलाई सुशासन दिने वाचा गरेका थिए र मात्र नेपाली जनताले राजतन्त्रको अन्त्य गर्नसमेत दलहरूलाई साथ दिएका थिए ।

मुलुक अहिले विभिन्न कारणले तरंगित छ । चाहे पूर्वराजाले आफूलाई सत्ताको साँचो चाहिने छनक देखाएर होस् या सरकारविरुद्ध विपक्षीहरूको मोर्चाबन्दीका कारणले होस् या मुलुकभित्र देखिएको राजनीतिक ध्रुवीकरणका कारणले होस्, मुलुक अस्थिरताको भुमरीमा फस्न लागेको देखिन्छ । राजतन्त्रका पक्षमा जुलुस निस्कँदैमा आजको प्रजातान्त्रिक व्यवस्थाले डराउनुपर्ने त छैन तर त्यो प्रतीकात्मक रूपमा मुलुकको राजनीतिक दूरावस्था बदल्नेभन्दा पनि अनेक संघर्षले प्राप्त गरेको लोकतान्त्रिक व्यवस्था नै बदल्ने गरी षड्यन्त्र हुन लागेको कुरा पनि जग जाहेर हुँदै छ । त्यस्तै देखिँदै छ ।

यसो हुनुमा दोष कसको मानिन्छ त ? स्पष्ट उत्तर आउन सक्छ, जो सत्तामा छ, उसैले त्यसको उचित व्यवस्थापन गर्नुपर्छ । संसारमा सबैभन्दा राम्रो शासन व्यवस्था मानिएको संसदीय लोकतान्त्रिक व्यवस्थाका विरुद्धमा कुनै न कुनै कारण देखाएर जनता सडकमा आउँछन् भने त्यसमा सत्ताको बागडोर सम्हाल्नेको कतै न कतै कमजोरी भएर नै त्यही कमजोरीमाथि टेक्ने अवसर पाएको छर्लंग देखिँदै छ । त्यसको मूल कारण हुनुपर्छ मुलुकमा सुशासनको कमी ।

सुशासनका कुरा गर्दा मुलुक भ्रष्टाचारको दलदलमा फसेको देखिँदै छ । ठूला दलहरूले त्यसको बचाउ गर्न भरमग्दुर प्रयत्न गरे पनि जनता त्यसलाई पत्याइहाल्ने पक्षमा छैनन् । त्यसका आधार भनेको प्रत्येक वर्ष महालेखापरीक्षकको प्रतिवेदनमा देखिने अर्बौंका बेरुजुहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरू, ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूची आदि प्रमाणका रूपमा लिन सकिन्छ । सुशासनको कमी छ भनेर तत्कालीन रूपमा जोजो सत्तामा हुन्छन्, सत्तामा बस्नेहरूले त्यसको आभास पाउँदैनन् तर सत्ताबाट विपक्षमा आउनेबित्तिकै त्यसको आभास दलहरूलाई कसरी हुन्छ ?

आमजनताले आफ्ना जरुरी सेवामा पाएको दुःखलाई केलाएर हेर्दा उनीहरूको सेवा प्रदानमा तीन तहकै सरकार जनताको सेवा तदारुकताका साथ उपलब्ध गराउन असफल भएको छ भन्ने कुरा सरकारकै अनुगमनले देखाउँछन् । त्यसो हो भने त्यसका लागि एउटै सूत्र हो, मुलुकमा सुशासन आवश्यक छ । सर्वत्र सुशासनको आवश्यकता महसुस गरिएको छ । यदि अहिलेको दुईतिहाइको सरकारले पनि देखिएका राजनीतिक समस्याको समाधान सहज तरिकाले दिन सकेन भने मुलुक झन झन राजनीतिक अस्थिरतातर्फ डोरिने छ र त्यो राजनीतिक वृत्तमा घातक सिद्द हुने छ । यति धेरै राजनीतिक अनुभवले खारिएका नेतृत्वहरूबाट पनि राजनीतिक वृत्तमा देखिएका समस्याहरूको उचित र सकारात्मक समाधान भएन भने राजनीतिक अस्थिरताको कसले स्थिरतामा बदल्न सक्ला र ?

तर राजनीतिक बहसले विषयान्तर गर्न थालेको छ । कसरी सुशासन दिने र लिने भन्नेमा बहस हुनुपर्नेमा, कसरी मुलुकमा अमनचयन कायम गर्नुपर्ने हो भन्ने विषयमा सकारात्मक बहस हुनुपर्नेमा अनपेक्षितरूपमा प्रजातान्त्रिक व्यवस्थाविरुद्धमा आवाज उठ्नु राम्रो संकेत होइन । केही अप्रजातान्त्रिक तत्त्वहरू षड्यन्त्रात्मक तरिकाले प्रजातन्त्रविरुद्धमा नै आवाज उठाउन थालेका देखिन्छन् । जनतालाई सुशासन नभएकैले होला, व्यवस्था नै बदल्ने कुरामा जनतालाई भड्काउन थालेको पाइन्छ । त्यसो त २००७ सालमा सशस्त्र क्रान्ति गरेर राणा शासनको अन्त्य गरेपछि प्राप्त प्रजातन्त्रकाविरुद्धमा तत्कालैजस्तो षड्यन्त्र भएको थियो भन्ने कुरा हामी इतिहासका पानामा पाउँछौं र प्रजातन्त्रका पक्षमा जनताले बारम्बार आन्दोलन, संघर्ष गर्नुपरेको पनि छ ।

सडकमा राजतन्त्रको माग गरेर जुलुस, भाषण र गणतन्त्रका विरोध हुँदैमा राजतन्त्रको फिर्ती होला या नहोला, तर त्यसले अनावश्यक बहसको रूप लिएको छ । राजतन्त्र त २०६५ सालमा नै गयो । पहिलो संविधानसभाको पहिलो बैठकले नै गणतन्त्र घोषणा गरेको हो र तत्कालीन राजाले पनि त्यसलाई स्वीकार गरी पत्रकार सम्मेलन गरी नारायणहिटीबाट आफ्नो बास नागार्जुनमा सारेका थिए । झन नयाँ संविधान, नेपालको संविधानले त्यसको वैधानिकता दिएको हो । त्यसैले होला, राजतन्त्रको अनुपस्थितिलाई नै गणतन्त्र भनिएको हो ।

अहिले नेपाली जनता गणतन्त्रका पक्ष वा विपक्षमाभन्दा पनि शासन व्यवस्थामा देखिएका कमीलाई असन्तुष्टि देखाएकाचाहिँ पक्कै हो । दलहरूले मुलुक चलाउने भएकाले नै आजको शासन व्यवस्थालाई बहुदलीय व्यवस्था भनिएको हो जसलाई लोकतन्त्र या प्रजातन्त्रको पृष्ठपोषणका रूपमा लिइन्छ । मुलुक राजतन्त्र या गणतन्त्रका पक्ष या विपक्षमा गएर कमजोर मुलुकलाई अझ कमजोर बनाएर लुछाचुँडी गर्नुभन्दा प्रजातन्त्रको उच्चस्वरूपमा शासनलाई सुशासनमुखी बनाउनुपर्छ ।

> मुलुक अहिले राजतन्त्रका पक्ष या विपक्षमा जानेबेला होइन, मुलुकले सहज तरिकाले गणतन्त्रात्मक प्रजातन्त्रको बाटो समाएको छ, त्यसैमा सबैको सहभागिता हुनुपर्छ । बहुमतको शासन हुन्छ, अल्पमतको विचारलाई कदर गर्नुपर्छ । मुलुकमा राजनीतिक ध्रुवीकरणले सकारात्मक स्वरूप लिँदासम्म त्यो मुलुकले सहन सक्छ, अन्यथा मुलुकको अस्मितामाथि धावा बोलेको जस्तो हुन जान्छ । त्यसैले आजको बेला भनेको राजतन्त्र या गणतन्त्रको रोजाइको बेला पक्कै होइन ।

मुलुक अहिले राजतन्त्रका पक्ष या विपक्षमा जानेबेला होइन, मुलुकले सहज तरिकाले गणतन्त्रात्मक प्रजातन्त्रको बाटो समाएको छ, त्यसैमा सबैको सहभागिता हुनुपर्छ । बहुमतको शासन हुन्छ, अल्पमतको विचारलाई कदर गर्नुपर्छ । मुलुकमा राजनीतिक ध्रुवीकरणले सकारात्मक स्वरूप लिँदासम्म त्यो मुलुकले सहन सक्छ, अन्यथा मुलुकको अस्मितामाथि धावा बोलेको जस्तो हुन जान्छ । त्यसैले आजको बेला भनेको राजतन्त्र या गणतन्त्रको रोजाइको बेला पक्कै होइन ।

प्रजातन्त्रका केही आधारभूत तत्त्वहरू हुन्छन्, मान्यताहरू हुन्छन्-आवधिक निर्वाचनबाट संसद्को गठन हुन्छ जसले सरकारको नेतृत्व निर्धारण गर्छ । शक्ति पृथकीकरणका आधारमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन गरिएको हुन्छ जसले अन्तरनिर्भरताका आधारमा प्रजातान्त्रिक शासन व्यवस्थालाई अगाडि बढाइरहेको पाइन्छ । अझ सरकारका कामलाई चुस्तदुरुस्त पार्न सरकारले आफ्ना लागि सहयोग र नियन्त्रणका लागि अनेक संयन्त्र बनाएर जनताका सेवाहरू उपलब्ध गराई तिनको अनुगमनसमेत स्वतन्त्ररूपमा गराएको हुन्छ । संविधान प्रदत्त नागरिक अधिकारको उपभोग भएको छ कि भनेर, नागरिकले सामाजिकरूपमा, व्यक्तिगतरूपमा मानवअधिकारको उपयोग गरेका छन् कि छैनन् भनेर मानवअधिकारको अवस्था कस्तो छ बुझ्नका लागि विश्वव्यापी मानवअधिकारको सिद्धान्तका आधारमा त्यस्ता स्वतन्त्र आयोगको व्यवस्था गरेको पाइन्छ ।

हामीले विभिन्न कालखण्डमा सक्रिय राजतन्त्रको अवस्था भोगिसकेका छौं । संवैधानिक राजतन्त्रको पनि अवस्था भोगिसकेका छौं । नेपालको राजतन्त्रले मौका पाउनेबित्तिकै नागरिक अधिकारहरूका विरुद्धमा आफ्ना कुत्सित उद्देश्यहरू नेपाली जनतामाथि लाद्ने गरेको पाएका थियौं । सायद त्यही भएर होला, नेपालबाट राजतन्त्र हटेको हो र त्यसका विकल्पमा सामूहिक राज्यप्रणालीका लागि आवधिक निर्वाचनमार्फत शासन चलाउने प्रक्रियाले स्थायित्व पाउन थालेको हो ।

प्रजातान्त्रिक प्रक्रियाअनुसार प्रतिनिधिसभामा बहुमत पुऱ्याउने दलले या दलहरूले समर्थन गरेको व्यक्तिले सरकार बनाउन पाउँछ र संविधानअनुसार उसको अवधि तोकिएको हुन्छ । सबै नागरिक समान हुन्, कुनै कारणले पनि विभेद नगर्ने नीति नै प्रजातन्त्रको मुख्य विशेषता हो र सामाजिक न्यायको प्रत्याभूति पाउने व्यवस्था नै प्रजातान्त्रिक व्यवस्था हो । त्यसैले प्रजातन्त्र भनेको सामाजिक न्याय हो, सामाजिक न्यायविना प्रजातन्त्र सम्भव छैन भनिएको हो ।

संसदीय प्रजातन्त्रमा जनताका समस्याहरूको छलफल गर्ने र तिनको समाधान गर्ने थलो भनेको संसद् हो । आवश्यकता पर्नेबित्तिकै संसद्मा प्रतिनिधित्व गर्ने दलहरू र संसद् बाहिर रहेका दलहरूसँग पनि राष्ट्रिय सहमतिका आधारमा शासन पद्धतिमा परिवर्तन गर्न पनि सकिन्छ, संविधानले दिएको सीमाभित्र संविधान संशोधन गरेर पनि समस्या समाधान गर्न सकिन्छ । अहिले निर्वाचन प्रक्रिया, दलहरूको आन्तरिक प्रजातन्त्र र दलहरूका शासन गर्ने तरिकामा देखिएका केही असन्तुष्टिहरू छन् भने तिनको निराकरण पनि संसद्भित्रैबाट गर्नुपर्छ । जनताका प्रतिनिधिहरूले पनि सडकमा सुधार खोजेरमात्र हुँदैन र सरकारले पनि समाधान सडकमा दिन सक्दैन । आपसमा समन्वयात्मक अवस्था सिर्जना गरी मुलुकको आर्थिक अवस्थाले भ्याएसम्म सामाजिक न्यायको प्रत्याभूति, नयाँ-नयाँ रोजगारीको सिर्जना गर्न सक्नुपर्छ । सबैको प्रयास त्यतातर्फ जानुपर्छ । प्रजातान्त्रिक व्यवस्था र जनताका अधिकार खोसिने कुरामा कसैले पनि न त सहमति गर्न हुन्छ, न त त्यस्ता मागहरूको सम्बोधन गर्ने निहुँमा प्रजातन्त्रप्रति कुठाराघात गर्न । त्यसैले अहिलेको सरकारले समस्याहरू छन् भने समयमै समधान गर्नु नै मनासिब हुने छ । *रासस*

# मधेसी समुदायको सहभागिता सुनिश्चित गरिनुपर्छ



■ दीपक कार्की

संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि देश जुन रूपमा अगाडि बढ्नुपर्ने थियो, त्यो गतिमा बढ्न सकेको छैन । राजनीतिक दलहरूले सही तरिकाले काम गर्न नसकेका कारण जनतामा नैराश्यता छ । संसद्ले जति कानुन बनाउनुपर्ने हो, त्यति बनाउन सकेको छैन । संसद् भनेको कानुन निर्माण गर्ने र जनताका सवाललाई सरकारसम्म पुऱ्याउने थलो हो । तर संसद् सरकार बनाउने र ढाल्ने थलोजस्तो भएको छ । संसद्मा राजनीतिक दल एकले अर्कालाई अरोप लगाउने तथा झगडा गर्ने कार्य जारी छ ।

मुख्य ठूला दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले संविधानको पूर्णकार्यान्वयन गर्न नसक्दा अहिले देशमा यो अवस्था आएको छ । प्रदेश र स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्ने काम अहिलेसम्म हुनसकेको छैन । पालिकामा अधिकृत नहुँदा कर्मचारीले तलब पाउन सकेका छैनन् । स्थानीय तहका शिक्षकले तलब पाउन सकेका छैनन् । कर्मचारी र शिक्षकले कम्तीमा आफूले काम गरेको पैसा पाउनुपर्छ ।

जनता समाजवादी पार्टीको पहिलेदेखिको एजेण्डा भनेको संविधान संशोधन गरेर मधेसी समुदायलाई समेट्नुपर्ने भन्ने हो । संविधान संशोधन गरेर सर्वमान्य बनाउनुपर्छ । संविधान संशोधन गरी अधिकारसम्पन्न संघीयता बनाउनुपर्छ । संविधानमा सुरक्षाको जिम्मा प्रदेश सरकारलाई छ, तर अधिकार छैन । संविधान संशोधन गरेर मधेसी समुदायलाई जनसंख्याका आधारमा राज्यको नीति निर्माण तहमा सहभागी गराइनुपर्छ । उनीहरूको जनसंख्याका आधारमा कार्यपालिका, न्यायापालिका र व्यवस्थापिकामा सहभागिताको सुनिश्चितता संवैधानिक रूपमा हुनुपर्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकानुसार २२.२२ प्रतिशत पूर्ण मधेसी समुदायको जनसंख्या छ । त्यसका आधारमा संघीय मन्त्रिपरिषद्मा उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्छ । मधेसी समुदायका निम्ति छुट्टै नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्छ ।

धार्मिक दृष्टिकोणले धनुषा सम्पन्न छ । सरकारले धार्मिक पर्यटन र प्राकृतिक पर्यटनलाई जोड दिनुपर्छ । धार्मिक पर्यटनको निम्ति जनकपुर महत्त्वपूर्ण स्थान हो । यसको प्रचारप्रसार हुनसकेको छैन । तराईमा सडकको पनि विकास हुनसकेको छैन । तराई कृषिका लागि सिँचाइ अभाव छ । मल र बीउ अभाव छ । सरकारले त्यसतर्फ ध्यान दिन जरुरी छ । जानकी अर्थात् सीताको यो मन्दिर उनको जन्मस्थल जनकपुरमा छ । मुगल शैलीमा बनाइएको मन्दिरलाई कलाको उत्कृष्ट नमूना मानिन्छ । जनकपुरमा धेरै पोखरी छन् । जलपर्यटनको दृष्टिकोणले पनि निकै महत्त्वपूर्ण देखिन्छ । यहाँका विभिन्न सागरहरूलाई जनकपुरको आयस्तरमा वृद्धि, रोजगारीमा वृद्धि तथा पर्यटकलाई जलविहार गर्न सकिने गरी विकास गर्न सकिन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरमा अवस्थित जानकी मन्दिर विश्वभरका हिन्दूको आस्थाको केन्द्र हो । हिन्दू धर्ममा लोकप्रिय रहेको रामायणकी सीताको जन्मस्थलमा निर्मित यो मन्दिर भव्य र आकर्षक छ । तर यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सरकारको इच्छाशक्ति हुनुपर्छ ।

संघीयतालाई अझै बलियो र सुदृढ बनाउन संघीय सरकारले प्रदेश र स्थानीय तहमा आवश्यक कर्मचारी दिनुपर्छ । सुशासनका निम्ति सबैभन्दा पहिला अख्तियार दुरूपयोग अनुन्धान आयोगलाई बलियो बनाउनुपर्छ । अख्तियारले सबै भ्रष्टाचारीलाई कारबाही गर्न सक्नुपर्छ । अख्तियार स्वतन्त्र हुनुपर्छ । सुशासनका निम्ति दलका नेताको आचरण परिवर्तन हुनुपर्छ । सँगै कर्मचारीको पनि आचरण सही हुनुपर्छ । सुशासन सरकारले 'भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्न' भन्ने नाराले मात्र हुँदैन । व्यावहारिक रूपमा त्यसको कार्यान्वयन हुनुपर्छ ।

अहिले देशका धेरै उद्योग बन्द छन् । विराटनगर जुटमिल, जनकपुर चुरोट कारखाना, गोरखकाली टायर र वीरगञ्जको चिनी कारखानालगायत धेरै उद्योग बन्द भएको अवस्था छ । सयौं उद्योग/कलकारखाना बन्द भएको अवस्थामा युवालाई रोजगारी सरकारले कसरी दिनसक्छ ? युवा पलायन रोक्नका लागि सरकारले बन्द भएका उद्योगलाई पुनःसञ्चालन गर्नुपर्ने हुन्छ । सरकारलेभन्दा बढी रोजगारी निजी क्षेत्रले दिएको छ । निजी क्षेत्रको उद्योग/कलकारखानाले रोजगारी दिएका छन् । त्यसैले दलका नेताले जनतालाई झूटो आश्वासनमात्र दिएर हुँदैन । सरकार र नेताहरूले जनताको पक्षमा काम गरेर देखाउनुपर्छ । सरकारले बेरोजगारी अन्त्य गर्ने कार्ययोजना बनाउनुपर्छ ।

देशको अवस्था परिवर्तन गर्न नेतृत्व सही हुनुपर्छ । देशको निम्ति काम गर्ने हुटहुटी हुनुपर्छ । अन्य देशका सरकार पनि पार्टीबीच गठबन्धन गरेर बनेका छन् । उनीहरूको सरकार पाँच वर्ष टिक्छ । तर हाम्रोमा एक वर्षमै ढल्छ । यो सबै नेतृत्वपंक्तिको दोष हो । हामीकहाँ राजनीतिक संस्कारको विकास हुनसकेको छैन । हाम्रो पार्टीले छ महिनासम्म 'जनतासँग जसपा' भन्ने अभियान सञ्चालन गरेको थियो । अब राजमार्ग केन्द्रित अभियान सञ्चालनको तयारी भइरहेको छ । पार्टीको जिम्मेवारीसँगै सांसद भएकाले अब संविधानमा मधेसी समुदायको अधिकार सुनिश्चित गर्नेतर्फ मेरो भूमिका हुन्छ । जनताका सवाललाई संसद्मार्फत सरकारसम्म पुऱ्याउने काम पनि हुन्छ । त्यसैगरी संविधानअनुसार कानुन निर्माणमा मेरो भूमिका हुन्छ । धनुषा जिल्लाको विकासको निम्ति पनि मेरो पहल हुने छ ।

*(जसपा नेपालका उपमहासचिवसमेत रहेका प्रतिनिधिसभा सदस्य कार्कीसँग राससले गरेको कुराकानीमा आधारित)*

# आशा जगाउँदै दार्चुलाको मालिकार्जुन गाउँपालिका

■ नरेन्द्रसिंह कार्की




**दार्चुला–** मालिकार्जुन गाउँपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको लगानी र प्रभाव विस्तारै देखिने अवस्थामा रहेको छ । 'शिक्षामा गरिएको लगानीको प्रतिफल थोरै ढिला देखिन्छ, काम गराइ र अपनत्वको हिसाबले गाउँपालिकाले थालेको पहलकदमी सकारात्मक छ,' वडा नं ३ का खडकसिंह धामी भन्छन्, 'शिक्षामा भइरहेको राजनीतिकरण कमी गर्न सके धेरै परिवर्तन सम्भव छ ।'

वि.सं. २०७९ मा निर्वाचित भएलगत्तै जनप्रतिनिधिले विकास निर्माणका कार्य होस् या शिक्षामा विद्यार्थी अनुपातमा शिक्षक व्यवस्थापनको कार्य होस्, गाउँपालिकाले थालेको पहलकदमी सकारात्मक रहेको उनको बुझाइ छ। 'कम्तीमा राम्रो गरेको कामलाई प्रंशसा गर्न सिकौं,' वडा नं ४ का बलदेवसिंह धामीले भने, 'राम्रो कामलाई प्रशंसा र नराम्रो कामलाई खबरदारी गर्‍यौं भने जनताका सपना पूरा गर्नतर्फ जनप्रतिनिधि अग्रसर हुने हो ।'

गाउँपालिकाले शिक्षा क्षेत्रमा धेरै लगानी गरिरहेको नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक पदमराज पन्त बताउँछन् । उक्त प्रतिनिधिमूलक विचार मालिकार्जुनको आयोजना र दार्चुला विकास संगठनले सहजीकरण गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा व्यक्त भएका हुन् । गाउँपालिकाको प्रथम र द्वितीय चौमासिक सार्वजनिक सुनुवाइको क्रममा स्थानीय अहिले पालिकाले गरिरहेको कामप्रति धेरै निराशावादी छैनन् । धेरै आशा गर्ने ठाउँ बाँकी रहेको भन्दै त्यसलाई सुधार गर्नेतर्फ भने स्थानीयले सुझाव दिएका छन् ।

माओवादी केन्द्रका जिल्ला संयोजक पन्तले शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत् र कृषि पशु क्षेत्रमा गाउँपालिकाले अझै काम गर्नसक्ने अवस्था रहेको बताए । 'शिक्षामा केही प्रयास भएका छन्, कृषि पशुमा कर्मचारी राख्ने काम भएका छन्, तर वडामा गएर हाजिरी लगाउनेमात्र नभई बजेट दिएर कृषि पशु क्षेत्रको विकासमा लगानी बढाउन सुझाव छ,' उनले भने, 'पशु र कृषि प्राविधिक पठाएर मात्रै भएन, बीउविजन, औषधि, कृषियान्त्रिकीकरणका कुरा बढाउनुपर्छ, किसानलाई धेरै चाहिएको छैन, थोरै बजेटमार्फत हुने काम गर्नतर्फ पालिका अग्रसर हुनुपर्‍यो ।'

पालिकाका अधिंकाश वडा बस्तीमा अहिले पनि पम्पिङमार्फत गाउँमा खानेपानी पुर्‍याइएको छ । केही योजना निर्माणकै क्रममा छन् । जनताले पानीको महसुल र विद्युत्को महशुल दुवै तिर्नुपर्ने अवस्था रहेको छ । उनले भने, 'विद्युत् र पानीमध्ये एउटा महशुल गाउँपालिकाले व्यहोर्ने गरी काम गर्‍यो भने जनतामा सरकारप्रति नैराश्यता पैदा हुन पाउँदैन, जहाँ पनि करको भारमात्रै थोपर्ने हो भने जनतामा निराशा पैदा हुन्छ, सानातिना समस्या समाधानतर्फ अगाडि बढ्नुपर्छ ।' गाउँपालिकामा निर्वाचित भएलगत्तै पालिकाकै स्काभेटर प्रयोग गरी वडा सदरमुकाम जोड्नेगरी गाउँपालिकाले सडकको काम गरेको छ । अहिले वडा नम्बर २ को न्वालपानी बस्तीमा सडक पुगेको छ । झण्डै १२ किलोमिटर सडक पालिकाकै बजेटमा खनिएको छ ।

मालिकार्जुन-४ लाई गाउँपालिकाको चक्रपथ सडकमा जोड्नुपर्नेमा स्थानीय बलदेव धामीले जोड दिए । अरु वडाका बस्तीमा धमाधम काम भइरहेको छ । पालिका भवन निर्माणाधीन अवस्थामा छ । दश शयचाको अस्पताल सञ्चालनमा आएको छ । वडाहरूमा नयाँ वडा कार्यालय भवन निर्माण भइरहेका छन् । जनप्रतिनिधिले देखेको सपना पूरा गर्न नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको प्रमुख प्रशासकीय अधिकृत नरबहादुर ठगुन्नाले बताए । 'वार्षिक कार्ययोजनाअनुरूप हामीले काम गर्दै आएका छौं, खरिद ऐन नियमानुसार काम गरिरहेका छौं, अझै पालिकाको विकासका लागि जनप्रतिनिधि, राजनीतिक दल, आम जनसमुदायको सहभागितामा अभिवृद्धि गर्दै समन्वयात्मक ढंगले अघि बढ्न प्रतिबद्ध छौं,' ठगुन्नाले भने ।

गाउँपालिका उपाध्यक्ष कल्यानसिंह धामी पालिकामा आउने उजुरी तथा गुनासामाथि छलफलकै माध्यमबाट समाधान हुँदै आएको बताउँछन् । गाउँपालिका अध्यक्ष हिरासिंह धामी आफ्नो नेतृत्वमा आएको टोली मालिकार्जुनबासीको समृद्धिको सपना पूरा गर्नतर्फ अग्रसर रहेको बताउँछन् । 'धेरै 'सिस्टम'मा समस्या थियो, विस्तारै सुधार गर्दै जनतालाई रोजगारी सिर्जना हुनेगरी काम थालनी गरेका छौं,' उनले भने । नागरिकमा निराशा पैदा हुन नदिनेगरी गाउँपालिकाले नीति तथा कार्यक्रममार्फत जनता खुसी बनाउने सपना कार्यान्वयन गर्दै आएका धामीको भनाइ छ ।

अस्तव्यस्त अवस्थामा रहेको शिक्षा क्षेत्र विस्तारै लयमा ल्याउने प्रयास भएका छन् । केही विद्यालय 'डाउन साइज' र केही समायोजन गरिएका छन् । उनका अनुसार त्रैमासिकरूपमा शिक्षकले तलब पाउँदै आएकामा देशमै पहिलोपटक गाउँपालिकाले 'इएफटी'मार्फत मासिकरूपमा तलबभत्ता खातामा जाने व्यवस्था सञ्चालन गरेको छ । विद्यार्थी अनुपातमा शिक्षक व्यवस्थापन र शिक्षक अभाव भएको ठाउँमा पदपूर्ति गरेर अघि बढेको अध्यक्ष धामीले बताए ।

'रोजगारी पालिकामै सिर्जना गर्न गारमेन्ट उद्योग सञ्चालनको तयारी गरिएको छ, किसानलाई कृषि यान्त्रिकीकरण सहयोग गर्दै आएका छौं,' उनले भने, 'रोजगारी सिर्जना गर्ने र उद्यमी बनाउने नीतिलाई प्राथमिकता साथ लिएका छौं, पशु क्षेत्रका सम्भावना भएका ठाउँमा मुर्रा भैँसी वितरण गरिएको छ, पकेट क्षेत्र घोषणा गरिएका छन्, सोहीअनुसार लगानी हुँदै छ, किसानको उत्पादनलाई बजारसम्म ल्याउन संकलन केन्द्र निर्माण गरिँदै छ ।' अहिलेको सीमित स्रोतसाधनले गाउँवासीको सपना पूरा गर्नतर्फ निरन्तर प्रयास हुने धामीको भनाइ छ ।

दश शयचाको अस्पतालमा मात्र नभई गाउँपालिकाले बस्तीस्तरसम्म शिविर सञ्चालन गरेर स्वास्थ्य सेवा प्रवाह गरेको छ । चालु आर्थिक वर्षमा गाउँपालिकाले ५७ करोड ९१ लाख ७४ हजार रूपैयाँ बजेट कार्यान्वयन गरिरहेको छ । त्यसमार्फत पालिकाभरि ११८ योजना कार्यान्वयन भइरहेको छ । गाउँपालिकाले सामाजिक विकास क्षेत्रमा ३३, आर्थिक विकासको क्षेत्रमा सात, महिला लक्षित दुई तथा बालबालिका र दलित लक्षित एक/एक योजना कार्यान्वयन भइरहेका छन् ।

## सामाजिक सुरक्षामा चार करोड बजेट भुक्तानी

गाउँपालिकाले दोस्रो चौमासिक अवधिसम्म चार करोड रूपैयाँभन्दा बढी बजेट सामाजिक सुरक्षामा भुक्तानी गरेको छ । पालिकाभरिका एक हजार २५२ महिला तथा ८९९ पुरुष गरी कूल दुई हजार १५१ लाभग्राहीलाई कूल चार करोड १४ लाख ४३ हजार रूपैयाँ भुक्तानी गरिएको गाउँपालिकाले जनाएको छ ।

पालिकाभरि सामाजिक सुरक्षाभत्ता पाउने ज्येष्ठ नागरिक गैरदलित संख्या एक हजार ३२८, ज्येष्ठ नागरिक दलित १२९, पूर्णअपांगता ६१, आंशिक अपांगता ७८, ज्येष्ठ नागरिक एकल महिला ८९, एकल महिला २४५, बाल संरक्षण अनुदान २१४ तथा लोपोन्मुख आदिवासी जनजाति सात जना रहेको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख लोकेन्द्रसिंह धामीले जानकारी दिए । चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि कूल सात करोड ९९ लाख ४० हजार रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

## सात कार्यविधि निर्माण

गाउँपालिकाले चालु आर्थिक वर्षमा सातवटा कार्यविधि निर्माण गरेको छ । गाउँपालिकाले पहिलो र दोस्रो चौमासिक अवधिमा काम कारबाहीलाई सजिलो बनाउन कार्यविधि निर्माण गरेको हो ।

प्रमुख प्रशासकीय अधिकृत ठगुन्नाका अनुसार चालु आर्थिक वर्षमा मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०८१, आधारभूत अस्पताल सञ्चालन कार्यविधि २०८१, गाउँपालिकाको अनुगमन, सुपरीवेक्षण र फरफारकसम्बन्धी कार्यविधि २०८१, उपभोक्ता गठनसम्बन्धी कार्यविधि २०८१, विद्यालय दिवा खाजा भान्से व्यवस्थापन कार्यविधि २०८१, कर्मचारी कल्याण कोष नियमावली २०८१ तथा विद्यालय भान्सा कोठा निर्माण कार्यविधि २०८१ निर्माण गरिएको छ । यसअघि गाउँपालिकाले २४ ऐन, कार्यविधि, मापदण्ड र निर्देशिका ८९ तथा नियमावली छ वटा बनाएको गाउँपालिकाले जनाएको छ । *रासस*

---

### Haldibari Rural Municipality
## Office of Rural Municipal Executive
**Jalthal, Jhapa**
**Koshi Province, Nepal**

## Invitation for Electronic Bids

**Date of publication : 2081-12-31 (2025-04-13)**

1. Haldibari Rural Municipality Invites Online electronic bids for eligible bidders for the following Bids under Sealed Quotation and National Competitive Bidding – Single Stage One Envelope Bidding procedures specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| Contract ID No | Name Of The Procurement | Bid Security Amount(Nrs) | Bid Document Fee (NRs) | Last date of bid submission | Bid opening Date |
|---|---|---|---|---|---|
| HRM/WORK/ BUILDINGS/ NCB/25-081/082 | Construction of Different School and Public Buildings Work at Different Location Of Haldibari Rural Municipality | 1,60,000.00 | 3,000.00 | 2025-05-13, 12:00 | 2025-05-13, 14:00 |
| HRM/WORKS/ PIPELINE/SQ/ 26-081/082 | Pipeline Trench Excavation and Backfilling Including Pipe laying and Jointing at Different Location of Haldibari Rural Municipality. | 50,000.00 | 1,000.00 | 2025-04-28, 12:00 | 2025-04-28, 14:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office Of Haldibari Rural Municipality or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents Can Be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified Below
   **Name of Bank : Citizens Bank International Ltd**
   **Name of Office : Haldibari Rural Municipality**
   **Office Account no.: 0630100000001202 (Haldibari Aantarik Rajaswa Khata)**
   **Office Account no.: 0630100000017201 (Haldibari Dharauti Khata)**
4. Pre-bid meeting shall be held only for Single Stage One Envelope Bidding procedures at Office Of Haldibari Rural Municipality at 2025-05-01 At 11 am.
5. Bids must be valid for a period of 45 Days For Sealed Quotation & 90 Days for Single Stage One Envelope Bidding procedures after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
8. The Employer reserves the right to accept or assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

### Sundarharaincha Municipality
## Office of Municipal Executive
**Biratchowk, Morang**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2081/12/31**

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under **NCB** (Single Stage Single Envelope) bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. For bidding document Fee in the following bank.
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality**
   **Office Account No.: 0601501147630146**
   **Rajaswa Shirshak no: 14229**
   **Office code no: 801011309**
4. Bids must be valid for a period of **90 days** counting from the day of bid opening. Amounting to a Minimum of as stated in a table below. which shall be valid for a minimum of **30** days beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630030
5. If the Bid opening day falls on a government holiday, then the Bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: **www.sundarharaichamun.gov.np**

| S.N. | Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/NCB/ W/50/2081/082 | Construction of Primary Health Post Building, Sundarharaicha-04, Morang | 6961077.59 | 3000.00 | 200000.00 | 2082/01/30 12:00PM | 2082/01/30 01:00PM | NCB |

**Chief Administrative Officer**

प्रभाव दैनिक




## राजामौलीको फिल्म अर्को वर्षको मार्चमा आउने

आरआरआर (२०२२) को मेगा ब्लकबस्टर सफलतापछि माभेरिक निर्देशक एसएस राजामौलीले सुपरस्टार महेश बाबुसँग उनको अर्को फिल्मको लागि काम गरिरहेका छन्। जसको हालै सुटिङ सुरू भएको थियो, जहाँ नायिकाका मुख्य भूमिकामा प्रियंका चोपडा र पृथ्वीराज सुकुमारन भिलेनको भूमिकामा रहेका छन्। उक्त फिल्म अर्को वर्षको मार्च २७ मा फिल्म ल्याउने योजनामा छन्। उक्त फिल्मको नाम अझै सार्वजनिक गरिएको छैन।



आइतबार, ३१ चैत २०८१ (Sunday, April 13, 2025)

# ६२ नेपाली चलचित्र प्रदर्शन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र क्षेत्रका लागि वर्ष-२०८१, समग्रमा सुखद रह्यो। यो वर्ष प्रदर्शन भएको चलचित्र 'पूर्णबहादुरको सारंगी' ले घरेलु बजारमा रू ४६ करोड ८० लाख (ग्रस) व्यापार गरेको तथ्यांक सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तरगतको 'सेन्ट्रल म्यानेज्मेन्ट टिकट सिस्टम (बक्स अफिस)' मा छ। यही कारण विसं २०८१ लाई नेपाली चलचित्रको इतिहासमा स्मरणयोग्य बनिसकेको छ।

अन्तिम चलचित्रका रूपमा 'पिताम्बर' र 'कर्मा' गत चैत २९ गतेदेखि प्रदर्शन भएको सहित यो वर्ष 'बक्सअफिस' को तथ्यांकअनुसार ६२ नेपाली चलचित्र प्रदर्शन भएका छन्। यसरी स्वदेशी ६२ चलचित्र प्रदर्शन हुँदा विदेशी ८४ भएका छन्। यो वर्ष नेपाली चलचित्रका दर्शक उलेख्य रूपमा बढेको चलचित्र वितरक तथा प्रदर्शकहरूको छाता संस्था नेपाल चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जनले बताए।

उनले भने, 'यो वर्ष दसैं र तिहारमा प्रदर्शन भएका चलचित्रले दर्शकलाई चलचित्र भवनमा तान्न सफल भए। स-परिवार नै चलचित्र हेर्न आएको पाइयो। पारिवारिक चलचित्रले दर्शक




बढाउन महत्त्वपूर्ण भूमिका खेलेको जस्तो लागेको छ। यस वर्षको सफलताले आउँदो वर्ष चलचित्र निर्माणमा वृद्धि हुनेछ।'

उनले चलचित्र भवन सञ्चालक (प्रदर्शक) ले यसवर्ष १८ घण्टाभन्दा बढी काम गरेको बताए। वर्षको अन्तिममा प्रदर्शन भएका चलचित्रले राम्रो सुरूआत गरेका छन्।

यस्तै, आउँदो वर्ष विसं २०८२ को सुरूआती दिन वैशाख १ मा समग्र चलचित्रको व्यापार राम्रो हुने निर्देशक पुर्नेन्दु झाको बुझाइ छ। उनले आउँदो वर्ष नेपाली चलचित्रका लागि महत्वपूर्ण भएको बताए।

'यो वर्ष प्राप्त सफलताले नयाँ र पुराना दुवै चलचित्रकर्मीको सक्रियता निर्माणमा बढेको छ, आउँदो वर्ष ती चलचित्रकर्मीले चलचित्र लिएर दर्शकसम्म आउनु हुनेछ। नयाँ दर्शकलाई आकर्षित गर्न सके आउँदो वर्ष नेपाली चलचित्रले नयाँ सुरूआत गर्नेछ। यो वर्षको व्यावसायिक सफलतालाई नाघ्नु नै चुनौती देखिएको छ', निर्देशक झाले भने।

उनले आउँदो वर्ष विसं २०८२ ले यस वर्ष बनेको बजारको आकार बढाउन सक्नुपर्नेमा जोड दिए। आउँदो वर्ष विसं २०८२ मा ८० हाराहारीमा चलचित्र प्रदर्शन हुने अनुमान चलचित्रकर्मीले गरेका छन्।

'बक्सअफिस' मा रहेको तथ्यांकअनुसार ५९ नेपाली चलचित्रले कूल कमाइ रू एक अर्ब ८० करोड गरेको छ। तथ्यांक बाँकी रहेका तीन चलचित्र 'वसन्त', 'पिताम्बर' र 'कर्मा' सहित प्रदर्शनरत अन्य नेपाली चलचित्रको व्यापार (ग्रस) पाँच करोड भएको अनुमान चलचित्रकर्मीको छ। यस कारण नेपाली बजारको आकार रू एक अर्ब ८५ करोडको हाराहारीमा पुगेको अनुमान गरिएको छ।



# 'नरसिंहाः अवतार'मा नीतिको लुक्स

■ प्रभाव संवाददाता

**काठमाडौं** – जेठको ९ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'नरसिंहाः अवतार' को नायिका नीति शाहको लुक्स सार्वजनिक गरिएको छ। निर्माण युनिटले एक पोष्टर सार्वजनिक गर्दै नीतिको लुक्स बाहिर ल्याएको हो।

नीति मुस्कुराएकी पोस्टरले उनी फिल्ममा कसैको श्रीमती वा प्रेमिकाको रूपमा देखिन लागेको बुझ्न सकिन्छ। तर, कुन पात्रसँग उनको जोडी बाँधिएको छ भन्ने खुलेको छैन। फिल्मलाई लिएर नीति शाह निकै नै उत्साहित छिन्।

उनले नायक राजेश हमालसँग फिल्ममा काम गर्न पाउँदा आफू उत्साहित भएको र धेरै कुरा सिकेको बताएकी छिन्।

दिवाकर भट्टराइको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा राजेश हमाल, निर शाह, राज कटुवाल, प्रशान्त ताम्राकार, सरोज खनाल, उषा खड्गी, नीति शाह, सनिषा भट्टराई, दीपा शाही, रमेश चन्द सोडारी, राजिभजंग बस्नेत लगायतका कलाकारहरूको अभिनय छ।

फिल्ममा दीपक ढकाल, नरेन्द्र महर्जन, ध्रुव न्यौपाने, नेम महर्जनको लगानी छ। राजु विक्रम थापाको छायांकन रहेको फिल्ममा चन्द्र पन्तको कथा, राजु लामाको एक्सन, शम्भुजित बाँस्कोटा र अर्जुन पोखरेलको संगीत, कविराज गहतराजको कोरियोग्राफी छ। फिल्म 'नरसिंहाः अवतार'लाई लिएर दर्शकहरू निकै नै उत्साहित छन्। फिल्मले बक्स अफिसमा राम्रो ब्यवसाय गर्ने अपेक्षा गरिएको छ।

# पूर्वसचिव पाण्डेको 'सम्झनाका फूलहरू' बजारमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वसचिव शङ्करप्रसाद पाण्डेको संस्मरणात्मक निबन्ध 'सम्झनाका फूलहरू' बजारमा आएको छ। शनिबार आयोजित एक कार्यक्रममा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले उक्त पुस्तक विमोचन गरेकी छन्। पुस्तकमा लेखक पाण्डेले भौतिक विकास, पर्यावरण संरक्षण, मुलुकको कूटनीति, शिक्षा तथा प्रशासन सेवाका अनुभव समेटेका छन्।

नेपाली साहित्यमा अनुपम मानिएको 'मुनामदन'का रचयिता महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा राष्ट्रसेवकका रूपमा ल्हासामा रहँदा स्थापना गराउँदाको अनुभव पनि पुस्तमा समेटिएको छ।

पुस्तक विमोचनपछि पूर्वप्रधानन्यायाधीश कार्कीले पुस्तकका माध्यमबाट राज्यव्यवस्था र त्यससँग सम्बन्धित विषय सार्वजनिक गरेर लेखकले आम पाठकलाई गुन लगाएका बताइन्।

कवि प्रह्लाद पोखरेलले पुस्तक नयाँपुराना दुवै पुस्ताले पढ्नुपर्ने बताए भने काठमाडौं महानगरपालिका- १७ का वडाध्यक्ष रोजिना श्रेष्ठले पुस्तकका केही प्रसङ्ग हरेक नेपालीको जीवनसँग मिल्ने किसिमका भएकाले पुस्तक पठनीय भएको बताएकी छन्।




## रंगशाला

एनएसएल फुटबल

# ललितपुर प्लेअफमा, बुटवल बाहिरियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** साविक विजेता ललितपुर सिटी एफसी बुटवल लुम्बिनीलाई २-० ले हराउँदै ललितपुर सिटी एफसी नपाल सुपर लिग (एनएसएल) २०२५ को प्लेअफमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा भएको खेलमा ललितपुरका लागि कप्तान अनन्त तामाङ र सन्तोष खत्रीले एक-एक गोल गरे। अनन्तले खेलको २३औं मिनेटमा गोल गर्दै ललितपुरलाई अग्रता दिलाएका थिए। उनले मणि लामाको कर्नरमा हेड मार्फत गोल गरेका थिए।

खेल सकिने दुई मिनेट अघि सन्तोष खत्रीले उत्कृष्ट गोल गर्दै ललितपुरको अग्रता दोब्बर पारे। इमोह इजेकेलले दायाँ भागबाट



दिएको पासललाई कन्ट्रो गर्दै सन्तोषले पेनाल्टी बक्स बाहिरबाट गोल गरे।

बुटवलमाथि जितपछि साविक विजेता ललितपुर ५ खेलबाट ११ अंक जोडेर शीर्ष स्थानमा उक्लेको छ र शीर्ष चारमा स्थान पक्का गर्ने पहिलो टिम बनेको छ भने चचौथो हारपछि बुटवल लुम्बिनी प्लेअफ होडबाट औपचारिक रूपमै बाहिरिने पहिलो टिम बनेको छ।

ललितपुरले ५ खेलमा ३ जित र २ बराबरीबाट ११ अंक जोडेर शीर्ष स्थानमा उक्लेको छ। ललितपुरलाई अब बुटवलसँगै काठमाडौं रेजर्स र पोखरा थण्डर्सले भेट्ने छैन। त्यसैले एक खेल अगावै प्लेअफ समिरकण पक्का बनेको हो। यस्तै ललितपुरले शीर्ष दुईमा रहने सम्भावना समेत बलियो बनाएको छ। ललितपुरले अब अन्तिम लिग खेल झापा एफसीसँग खेल्नेछ।

उता बुटवल लुम्बिनीका लागि भने यो सिजन बिर्सनलायक रह्यो। ५ खेलसम्म जितविहिन बनेको बुटवलको यो चौथो हार हो। एक बराबरीबाट जम्मा १ अंक जोडेको बुटवल अंकतालिकामा पनि पूछारमै छ।

अन्तिम खेलमा कुनै आश्चर्य नभए बुटवलले अन्तिम स्थानमै लिग सकाउनेछ। बुटवलले अन्तिम खेलमा पोखरा थण्डर्ससँग खेल्नेछ। पोखराको पनि त्यो अन्तिम खेल हुनेछ।

# सन्दकपुर गोल्डकपको फाइनलमा बुट्टाबारी र ब्रदरहुड

■ प्रभाव संवाददाता

**इलाम–** पाँचौ सन्दकपुर गोल्डकपको उपाधिको लागि बुट्टाबारी युनाइटेड एफसी झापा र ब्रदरहुड एफसी उदयपुर भिड्ने भएका छन्।

शनिबार सम्पन्न दोस्रो सेमिफाइनलमा रेडहर्स एफसी इलामलाई २-० ले हराउँदै बुट्टाबारीले ब्रदरहुडससँगको उपाधि भेट पक्का गरेको हो। इलामसँग बुट्टाबारीको भेट यो छैटौं हो। यसअघि




तीन पटकको खेल बुट्टाबारीले आफ्नो पक्षमा पारेको थियो। शुक्रबार भएको पहिलो सेमिफाइनलमा ब्रदरहुडले डिफेन्डिङ च्याम्पियन डाँगीहाट फुटबल क्लब मोरङलाई हराउँदै फाइनलमा स्थान सुरक्षित गरिसकेको छ।

बुट्टाबारीका लागि दुवै गोल सागर रसाइलीले गरे। उनी प्लेयर अफ द म्याच बन्दै नगद दुई हजार पाँच सय प्राप्त गरे।

सन्दकपुर गोल्डकपका बुट्टाबारी दोस्रो पटक फाइनल प्रवेश गरेको हो। यसअघि गत संस्करणमा डाँगीहाट एफसीसँग फाइनलमा पराजित बन्दै उपविजेतामा सीमित भएको थियो।

देउराली स्पोर्टिङ क्लब सन्दकपुरले आयोजना गरेको गोल्डकपको विजेताले नगद २ लाख ५५ हजार र उपविजेता बन्ने टिमले नगद १ लाख ५५ हजार रूपैयाँ प्राप्त गर्नेछन्।

चारदेशीय टी-२० आई सिरिज

# वर्षा बाधक बनेपछि नेपाल फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** हङकङमा जारी चार देशीय टी-२०आई क्रिकेट प्रतियोगिताको फाइनलमा नेपाल र कुवेत खेल्ने भएका छन्। शनिबार नेपाल र हङकङबीचको समूहको अन्तिम खेल वर्षाले रद्द भएपछि दुवै टोलीले अंक बाँडे।

३ खेलमा २ जित र १ खेल नतिजाविहीन भएपछि नेपालको ५ अंक भयो। एक खेल मात्र जितेको हङकङको ३ अंक मात्र भयो। नेपाल समूहमा पहिलो हुँदै फाइनल खेल्ने पक्का भएको हो। यसअघि कुवेतले कतारलाई हराएर ४ अंक जोड्दै नेटरनरेट पनि बढाएपछि यो खेल निर्णायक बनेको थियो।

खेलमा टस हारेर पहिले ब्याटिङ थालेको हङकङले ९ ओभरमा ३ विकेट गुमाएर ६८ रन बनाउँदा पानी पर्न थालेपछि खेल रोकिएको थियो। त्यसको केहीबेरमा वर्षा रोकिएर कभरहरू हटाएपछि प्रकाश कम रहेकाले खेल सुरु हुन ढिलाइ भएको थियो र फेरि पानी पर्न थालेपछि खेल सुरु भएन। नेपालले पहिलो खेलमा कतारलाई हराएको थियो भने दोस्रो खेलमा कुवेतलाई हराएको थियो।




फ्रान्सको पेरिसस्थित ग्राण्ड प्यालेसमा आयोजित तीन दिने 'पेरिस पुस्तक प्रदर्शनी–२०२५' का क्रममा सहभागी अवलोकनकर्ताहरू । *तस्बिरः सिन्ह्वा*

# चीनको बनायो विश्वकै पहिलो मेडिकल उद्धार ड्रोन




**बेइजिङ–** चीनले आपत्कालीन अवस्थाहरूमा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन विश्वकै पहिलो अत्याधुनिक मेडिकल ड्रोन सफलतापूर्वक विकास गरेको छ । यस ड्रोनको विकास हैशेन मेडिकल टेक्नोलोजी कम्पनी लिमिटेडले चीन राज्य पोत निर्माण निगमको मातहतमा चिनियाँ विज्ञान अकादमी तथा अन्य साझेदार संस्थाहरूको सहकार्यमा गरेको हो ।

यो विशेष ड्रोनमा रिमोट भिडियो निगरानीजस्ता अत्यावश्यक स्वास्थ्य सेवासम्बन्धी उपकरणहरू जडान गरिएका छन् । कम्पनीका अध्यक्ष तथा प्रमुख इञ्जिनियर श्री हुआङ युहङका अनुसार यो ड्रोन उच्च चिसो तापक्रम तथा पाँच हजार मिटरको उचाइसम्मका कठिन भूगोलमासमेत प्रभावकारीरूपमा खोज तथा उद्धार कार्य गर्न सक्षम छ ।

यो ड्रोनको तौल ६०० किलोग्राम छ र यसले ३०० किलोग्रामसम्मको भार बोक्न सक्छ । यसमा स्वचालित उडान प्रणालीका साथै टाढाबाट नियन्त्रण गर्ने सुविधा पनि रहेको छ । यसले गर्दा विपद् वा महामारीको बेला छिटो र प्रभावकारीरूपमा उद्धार कार्य सञ्चालन गर्न सकिने छ । हुआङले भने, 'हामीले मेडिकल उपकरण, ड्रोन प्रविधि र कृत्रिम बुद्धिमत्ताको संयोजनमार्फत चीनको स्मार्ट आपतकालीन उद्धार क्षमतामा ठूलो सुधार ल्याएका छौं ।' *रासस/सिन्ह्वा*

# कंगोमा बालबालिकामाथि यौन हिंसा गम्भीररूपमा बढ्दो : युनिसेफ

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कंगो (डिआरसी) मा द्वन्द्वका कारण बालबालिकामाथि यौन हिंसाका घटनाहरू डरलाग्दो रूपमा बढिरहेको जनाएको छ । सन् २०२५ को जनवरी र फेब्रुअरी महिनामा भएको तीव्र द्वन्द्वको समयमा, औसतमा हरेक ३० मिनेटमा एक बालबालिका यौन हिंसाको सिकार भएको रिपोर्ट गरिएको युनिसेफले जनाएको छ ।

उक्त अवधिमा झण्डै १० हजार यौन हिंसासम्बन्धी घटनाहरू संकलन गरिएका छन्, जसमा ३५ देखि ४५ प्रतिशत पीडितहरू बालबालिका रहेको युनिसेफका प्रवक्ता जेम्स एल्डरले जानकारी दिए ।

एल्डरले भने, 'हामी छुट्टाछुट्टै घटनाको कुरा गरिरहेका छैनौं । यो त गम्भीर मानवअधिकार संकट हो । कतिपय पीडितहरू निकै साना बालबालिका हुन् । यौन हिंसालाई युद्धको हतियार र त्रास सिर्जना गर्ने माध्यमको रूपमा प्रयोग गरिएको देखिन्छ । यसले परिवार र समुदायमा गहिरो असर पारिरहेको छ ।'

उनले अझै धेरै घटनाहरू डर, लाज वा असुरक्षाका कारण रिपोर्ट नभएको हुन सक्ने भन्दै अहिले उपलब्ध तथ्यांक 'बरफको शिर मात्र' हुनसक्ने चेतावनीसमेत दिए ।

युनिसेफले अन्तर्राष्ट्रिय समुदायलाई बालबालिकाको सुरक्षा र न्यायका लागि तत्काल तथा समन्वित प्रयास गर्न आग्रह गरेको छ । एल्डरले थपे, 'हामीलाई रोकथामका लागि थप प्रयास, पीडितमैत्री सेवा र उजुरी गर्न सकिने सुरक्षित तथा विश्वसनीय माध्यमहरू आवश्यक छन् । पीडितहरूले महसुस गर्नुपर्छ कि विश्व उनीहरूका पक्षमा उभिएको छ । साथै, अपराध गर्ने व्यक्तिहरूले कानुनी जिम्मेवारी वहन गर्नै पर्छ ।' *रासस/सिन्ह्वा*

# पाँच हजारभन्दा बढी अफगानी नागरिक स्वदेश फिर्ता

**इस्लामाबाद (पाकिस्तान)–** पाकिस्तानबाट तोरखाम सीमा हुँदै पाँच हजार २३६ जना अफगान नागरिक स्वदेश फिर्ता गरिएको जियो न्युजले अध्यागमन अधिकारीहरूलाई उद्धृत गर्दै जनाएको छ ।

अधिकारीहरूका अनुसार स्वदेश फर्केका मध्ये तीन हजार ८६५ जना अफगान नागरिक स्वेच्छाले 'लान्दी कोटाल ट्राञ्जिट क्याम्प' पुगेका थिए भने पञ्जाबमा पक्राउ परेका १०७ जना अफगान नागरिकलाई निर्वासनका लागि तोरखाम लगिएको थियो । उनीहरूले अन्य २९५ जना अफगान नागरिकलाई जम्मू-कश्मीरबाट निर्वासित गरिएको जनाएका छन् ।

स्वदेश फिर्ता अभियानको क्रममा कानुनबमोजिम बसोबास गर्दै आएका अफगानीहरूलाई पनि स्वदेश फिर्ता पठाइएको जनाइएको छ । पाकिस्तानी राज्यमन्त्री तलाल चौधरीले अफगान नागरिकलाई सम्मानजनक रूपमा फिर्ता गरिएको बताएका छन् । पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री चौधरीले अफगान नागरिकको सुविधाका लागि पाकिस्तानका सबै प्रान्तमा 'ट्राञ्जिट प्वाइन्टहरू' तथा 'हेल्पलाइन' हरू स्थापना गरिएको बताएका छन् । अवैध नागरिकको फिर्ता प्रक्रिया मार्चसम्मका लागि तोकिएको र सोही समयमै अभियान पूरा गर्ने बताएका छन् ।

उनका अनुसार हालसम्म आठ लाख ५७ हजार १५७ अवैध विदेशी नागरिकलाई स्वदेश फिर्ता पठाइएको छ । पाकिस्तानी सरकारले उनीहरूलाई मार्च ३१ सम्म देश छोड्न समय दिएको बताउँदै थप समय उपलब्ध नगराइने उल्लेख गरे । उनले स्वदेश फर्केका अफगान नागरिकले वैध पासपोर्ट र भिसा भएको अवस्थामा पाकिस्तान भ्रमण गर्न, काम गर्न र बस्ने सम्भावना भने कायम रहेको बताएका छन् ।

उनले सन् २०२३ अक्टोबरदेखि अवैध विदेशी नागरिकलाई स्वदेश फिर्ता गर्ने नीति लागू भएको स्मरण फिर्ती अभियान चरणबद्ध रूपमा सम्पन्न गरिने बताएका छन् । पहिलो चरणमा पाकिस्तानले कानुनी कागजातविना अवैधरूपमा बस्दै आएका विदेशी नागरिकलाई स्वदेश फिर्ता पठाएको थियो । *रासस/एएनआई*


## साउदीमा रोजगार

कम्पनी : OLYA ARABIAN EST. FOR ENVIRONMENTAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/३० | LT. No. 321946 | चलानी नं. ६०२३६०२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६६,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ०६ गते (19 APR. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD.
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम इजाजत नं. ३५९/०५९/०६०


# अमेरिकी करले गरिब राष्ट्रलाई गम्भीर क्षति पुऱ्याउने चीनको भनाइ




**बेइजिङ–** चीनका वाणिज्यमन्त्री वाङ वेन्ताओले विश्व व्यापार संगठन (डब्ल्युटिओ) का प्रमुखलाई अमेरिकी करवृद्धिले गरिब राष्ट्रलाई 'गम्भीर क्षति' पुऱ्याउने बताएका छन् ।

वासिङ्टन र बेइजिङले यो महिना एक आपसमा अतिरिक्त कर लगाउने घोषणा गरिरहेका छन् । यसै शिलशिलामा अहिलेसम्म अमेरिकाले चिनियाँ सामानको आयातमा १४५ प्रतिशत अतिरिक्त कर लगाएको छ भने बदलामा चीनले अमेरिकी सामानको आयातमा १२५ प्रतिशत कर लगाएको छ । यसले विश्वका दुई ठूला अर्थतन्त्रहरूबीच व्यापार युद्ध चर्किने डर बढाएको छ जसको प्रत्यक्ष असर विश्वको सेयरबजारमा परेको र यसले सेयर कारोबारलाई अस्तव्यस्त बनाएको छ ।

अर्थशास्त्रीहरूले अमेरिका र चिनियाँ अर्थतन्त्रबीचको व्यापारमा आएको अवरोधले उपभोक्ताका लागि मूल्यवृद्धि हुने र यसले विश्वव्यापी मन्दी निम्त्याउन सक्ने चेतावनी दिएका छन् । 'अमेरिकी कर नीतिका कारण आउने नतिजाले विशेषगरी अल्पविकसित देशहरूलाई गम्भीर क्षति पुऱ्याउने छ र मानवीय संकटसमेत निम्त्याउन सक्छ,' वाङले शुक्रबार डब्ल्युटिओका प्रमुख नगोजी ओकोन्जो-इवेलासँग भने । 'संयुक्त राज्य अमेरिकाले निरन्तर कर वृद्धिको बाटोलाई पछ्याएको छ जसले विश्वमा ठूलो अनिश्चितता र अस्थिरता ल्याएको छ । यसले अन्तर्राष्ट्रिय अराजकता निम्त्याएको र अमेरिकाभित्र पनि अन्योल निम्त्याएको छ,' वाङले भने ।

बेइजिङले शुक्रबार अमेरिकी सामानमा लगाएको १२५ प्रतिशत कर शनिबारदेखि लागू हुने बताएको छ, जुन वासिङ्टनले अमेरिका प्रवेश गर्ने चिनियाँ सामानमा लगाएको १४५ प्रतिशत करसँग मिल्दोजुल्दो छ । तर चीनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएको थप करलाई बेवास्ता गर्ने संकेत गरेको छ । बेइजिङले भनेको छ, 'अत्यधिक कर वृद्धिपछि आयातकर्ताहरूले अमेरिकामा चिनियाँ सामान खरिद गर्नुको अब आर्थिक अर्थ रहँदैन ।'

चीनले डब्ल्युटिओमा मुद्दा दायर गर्ने बताएको छ र ट्रम्पको गलत कर नीतिलाई 'मजाक' र 'संख्याको खेल' को संज्ञा दिएको छ । बेइजिङको प्रतिशोधले बजारमा नयाँ उतारचढाव निम्त्याएको, स्टकमा गिरावट आएको, सुनको मूल्यमा वृद्धि भएको र अमेरिकी सरकारी ऋणपत्रहरू दबाबमा परेको बताइएको छ । बेइजिङको भन्सार तथ्यांकअनुसार गत वर्ष संयुक्त राज्य अमेरिकालाई चिनियाँ सामानको बिक्री ५०० अर्ब डलरभन्दा बढी थियो, जुन देशको निर्यातको १६.४ प्रतिशत हो ।

ट्रम्पले चीनबाट नयाँ वृद्धि भए पनि आफ्नो कर नीतिले 'वास्तवमै राम्रो काम गरिरहेको' बताएका छन् । यसै साताको सुरुमा घोषणा गरिएको अमेरिकी कर वृद्धिका कारण विश्वबजारमा खर्बौं डलर घाटामा गएपछि राष्ट्रपति ट्रम्पले तीन महिनाका लागि धेरै व्यापार साझेदारहरूमाथिको दण्डात्मक कर स्थगित गरेका छन् । *रासस/एएफपी*


## सडक विभाग
## सडक डिभिजन, विराटनगर
## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१-१२-३१**

यस डिभिजनबाट मिति २०८१-११-११ गतेको द काठमाडौं पोस्ट नागरिक दैनिक समाचारपत्रमा सूचना नं. T11/2081/82, मिति २०८१-११-२० गतेको आर्थिक राष्ट्रिय दैनिक समाचारपत्रमा सूचना नं. T12/2081/82 र मिति २०८१-११-२९ गतेको नेपाल समचारपत्रमा सूचना नं. T13/2081/82 बमोजिम प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपसिल बमोजिमको कार्यहरुको लागि विद्युतीय बोलपत्र प्रणाली मार्फत दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कनबाट सफल बोलपत्र दाताहरु मध्ये न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्रहरु स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन (प्रथम संसोधन) २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| Contract ID | Description and Location of work | Name & Address of Bidder | Bid Amount NRs. (With VAT & PS) |
|---|---|---|---|
| RDBRT/337011 224/2081/82-55 | Bridge Maintenance Works on Sorahakhola Bridge(Shehera Khola), Kumyaee Kalijhora, Sunsari | M/S Wagle Nirman Sewa, Biratchowk, Morang | 44,55,062.16 |
| RDBRT/337011 224/2081/82-56 | Construction of Double Cell Box Culvert on Sunwa Khola,Itahari U.Na.Pa.6 Bajra Jane Bato, Sunsari | M/S Saroj Construction, Gadhi, Sunsari | 73,06,352.03 |
| RDBRT/337011 694/2081/82-57 | Construction of Retaining Structures along Biratnagar 04 Trikala Chowk Marga Bata Shahid Marga Budhiganga 02 Healthpost samma Jane Sadak, Morang | M/S MR Construction and Interior, Putalisadak, Kathmandu | 22,09,648.2 |
| RDBRT/337011 694/2081/82-47 (Re) | Construction of Blacktopped Road along Ramdhuni Nagarpalika Karyalaya Jane Bato Dekhi Ramdhuni 04 Mandir Samma Jaane Sadak | M/S POKHARI TANBE CONSTRUCTION, Manthali, Kathmandu | 46,04,717.1 |

डिभिजन प्रमुख



## Kalika Municipality
## Office of Municipal Executive
Redcrossgram, Chitwan
Bagmati Province

## Invitation For Sealed Quotation Bids

**Contract Identification No: 06/Goods/SQ/KM/081/082**
**First date of publication: - 2081/12/31 (13th April, 2025)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 06/Goods/SQ/ KM/081/082 | SUPPLY AND DELIVERY OF AGRICULTURAL MACHINERY. | 75 days from the day of bid opening (Upto 2082-03-29 B.S, 13th July, 2025 A.D) | 30,000/- | 1,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं. १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date: Before 12 PM on 2082-01- 16 (29th April, 2025)**
**Bids Opening Date: At 13:00 PM on 2082-01- 16 (29th Apri`l, 2025)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १८५००० | ० | १९०५ |



**लसुन खेती** | शुक्लाफाँटा नगरपालिका–२ लक्ष्मीपुरका किसान बजारमा बेच्न लैजानु अघि लसुनका मुठा बाँध्दै । जिरो टिलेज (खनजोत नगरी) प्रविधिमा उत्पादन गरिएको लसुनको किसानले बजारमा राम्रो मुल्य पाउने गरेका छन् । *तस्बिर : राजेन्द्रप्रसाद पनेरु/रासस*

## ‘अर्थतन्त्र सुधारका लागि आयोगका सुझावलाई कार्यान्वयन गर्छौं’

■ प्रभाव संवाददाता

**पाल्पा–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएका सुझाव कार्यान्वयन गरिने बताएका छन् । नेपाल पत्रकार महासंघ पाल्पा शाखाले शनिबार तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले आयोगले दिएका सुझाव अध्ययन गरी कार्यान्वयन गरिने बताएका हुन् ।

अर्थमन्त्री पौडेलले सरकारले आयोगको प्रतिवेदनलाई गम्भीरतापूर्वक अध्ययन गर्ने र तत्काल सम्भव हुने सुझावलाई चाँडै कार्यान्वयन योजना बनाएर अगाडि बढ्ने बताए । ‘अर्थतन्त्रलाई चलायमान र सुधार गर्ने कुराहरूलाई तत्काल कार्यान्वयनको चरणमा लैजाने छौँ । अनुशासित ढंगले स्रोत व्यवस्थापन गरेर आगामी वर्ष २०८२/८३ को बजेट ल्याउछौं । त्यसको तयारीमा सरकार लागिरहेको छ’, उनले भने ।





अनुशासित ढंगले स्रोत व्यवस्थापन र परिचालन गर्ने ढंगले जान नसके थप समस्या हुने कुरामा सरकार सचेत रहेको धारणा राख्दै अर्थमन्त्री पौडेलले मुलुकलाई आर्थिक रूपमा अप्ठ्यारोमा पर्न नदिइने बताए । यस पटकको बजेट प्रतिफल दिने खालको हुने, निजी र उत्पादन क्षेत्रलाई प्राथमिकतामा राखेर आवश्यक प्रबन्ध गरिने उनको भनाइ थियो ।

फरक प्रसंगमा अर्थमन्त्री पौडेले नेपाल राष्ट्र बैंकको गभर्नर योग्य र सक्षम पात्रलाई नियुक्त गर्ने तयारी भइरहेको बताए । उनले भने, ‘बजारमा चर्चा गरिएजस्तो हुँदैन, यो विषयमा अनावश्यक चर्चा चलेका छन्, सरकारले क्या राम्रो निर्णय गर्‍यो भन्ने सन्देश जाने गर्ने गरी निर्णय छिट्टै आउँछ ।’

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले ठूला पूर्वाधार निर्माणसहित विकास र समृद्धिको अभियानमा सफलता हासिल गरिरहेको भन्दै उपप्रधानमन्त्री पौडेलले सरकार भ्रष्टाचार रोक्न र सुशासन कायम गर्न खरो रूपमा उत्रिएको दाबी गरे ।

## विद्युतीय दुर्घटनाबाट मृत्यु हुनेका परिवारलाई १० लाखसम्म राहत

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले विद्युतीय दुर्घटनाका कारण कर्मचारी वा सर्वसाधारणको मृत्यु भएमा रु १० लाखसम्म राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको अध्यक्षतामा बसेको प्राधिकरण सञ्चालक समितिको ९९५औँ बैठकले विद्युतीय दुर्घटनाका कारण कर्मचारी वा सर्वसाधारणको मृत्यु भएमा रु १० लाखसम्म राहत रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

प्राधिकरणले हाल विद्युतीय दुर्घटनामा परी मृत्यु भएमा कर्मचारीको हकमा बढीमा रु पाँच लाख राहत र परिवारलाई तीन तहसम्मको रोजगारी दिने व्यवस्था थियो । त्यस्तै सर्वसाधारणको हकमा बढीमा रु पाँच लाखसम्म राहत दिने व्यवस्था गरेको थियो । बैठकमा मन्त्री खड्काले विद्युतीय दुर्घटनामा परेकाहरूलाई दिनुपर्ने राहत कुनै पनि बहानामा नरोक्न र तत्काल उपलब्ध गराउनसमेत निर्देशन दिएका थिए ।

बैठकले विद्युत् वितरण विनियमावली २०७८ लाई संशोधन गरी उपभोक्ताको असन्तुष्टिसम्बन्धी पुनरावेदन प्रक्रियामा उल्लेखनीय सुधार गर्ने निर्णय गरेको छ । कुनै उपभोक्तालाई आफूले प्रयोग गरेको विद्युत् महसुलमा चित्त नबुझे पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी रकम २५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतमात्र कायम गर्ने निर्णयसमेत गरेको छ ।

सर्वसाधारणले विद्युत् उपभोग गरेवापत प्राधिकरणले उपलब्ध गराउने विद्युत् महसुलमा पटकपटक चित्त नबुझेको व्यापक गुनासा आउने गरेको थियो । यो निर्णयले सर्वसाधारणमाथि पर्ने आर्थिक दबाब घटाएको छभने विद्युत् प्राधिकरणप्रति नागरिकको विश्वास बढाउने छ ।

बैठकले प्राधिकरणसँग सेवा प्रवाहको सम्झौता गरेका तर गुणस्तरीय सेवा दिन नसकेका संस्थाहरूको नवीकरण खारेज गर्ने निर्णय गरेको छ । प्राधिकरणको सेवालाई थप व्यवस्थित बनाउन राष्ट्रिय ग्रिड विस्तार भएको क्षेत्रमा प्राधिकरण आफैँले सेवा प्रदान गर्ने निर्णय गरेको हो । गुणस्तरीय सेवा प्रदान गर्ने संस्थाहरूको मूल्याङ्कन गरी आवश्यकतानुसार सम्झौतालाई निरन्तरता दिने भएको छ ।

बैठकले ऊर्जा मन्त्रालयका सचिवको संयोजकत्वमा प्रशासकीय पुनरावलोकन समिति गठन गर्ने निर्णय पनि गरेको छ। चार सदस्यीय उक्त समितिमा प्राधिकरणका उपकार्यकारी निर्देशक, विद्युत् विकास विभागका विज्ञ, प्राधिकणका कार्यकारी निर्देशक सदस्यसचिव रहनेछन् । जसले निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने प्राधिकरणले जनाएको छ ।

उपभोक्ता र सर्वसाधारणलाई केन्द्रमा राखेर प्राधिकरणको सुधारका लागि महत्त्वपूर्ण निर्णय गरिएको प्राधिकरण सञ्चालक समितिका सदस्य श्यामकिशोर यादव जानकारी दिए ।

## मर्स्याङ्दी आयोजनामा घट्यो उत्पादन

■ प्रभाव संवाददाता

**तनहुँ–** जिल्लाको आँबुखैरेनी गाउँपालिका-४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट अहिले ३० मेगावाट मात्रै विद्युत् उत्पादन हुने गरेको छ । ६९ मेगावाट क्षमताको यस केन्दबाट हाल ३० मेगावाट अर्थात् ४० प्रतिशत मात्रै विद्युत् उत्पादन भएको हो ।

लामो समयदेखि सुख्यायाम हुँदा नदीमा पानीको बहाव कमि भएकाले उत्पादन ह्वात्तै घटेको केन्द्रका प्रमुख इञ्जिनियर पशुपति गौतमले बताए । गौतमले भने, ‘यस वर्षको हिउँदमा पानी परेन्, लामो खटेरीले गर्दा विद्युत् उत्पादन घटेर ४० प्रतिशत झरेको छ ।’

हाल ४० मेगावाट विद्युत् उत्पादन हुनुपर्नेमा लामो खडेरी गर्दा ३१ मेगावाट पुगेको गौतमले जानकारी दिए । केन्द्रमा २३/२३ मेगावाटका तीनवटा टर्बाइन रहेका छन् । यो केन्द्र सन् १९८९ मा निर्माण सम्पन्न भएको हो । सो केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुर र काठमाडौँको स्युचाटार स्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडी वितरण हुँदै आएको छ ।

सुख्यायाम भएकाले नदीमा मिसिने खोला, झरना, खोल्सीको पानी घटेको तथा कतिपय सुकेकाले उत्पादनमा असर परेको गौतमले जानकारी दिए ।

केन्द्र प्रमुख गौतमले भने, ‘वैशाख लागेपछि घाम चर्को लाग्ने हुँदा हिउँ धेरै पग्लने र वर्षा बढी हुने भएकाले उत्पादन बढ्दै जाने विश्वास लिइएको छ ।’

सुख्खा मौसममा विद्युत् उत्पादन कम हुँदा प्राधिकरणले भारतबाट विद्युत् आयात गर्नुपर्ने बाध्यता छ । मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो । चिसो मौसममा तापक्रम घट्दै जाँदा हिउँ कम पग्लिने र वर्षा नहुँदा यसका सहायक नदी, खोला, खोल्सी, झरनामा पानीको बहाव घढेसँगै विद्युत् उत्पादन पनि घट्ने गरेको हो ।

## नगरकोट भ्रमण वर्ष तयारी पूरा

■ प्रभाव संवाददाता

**भक्तपुर–** प्रसिद्ध पर्यटकीय क्षेत्र नगरकोटलाई केन्द्रविन्दुमा राखेर भक्तपुर, काठमाडौँ र काभ्रेपलाञ्चोक जिल्लाका चार नगरपालिकाले संयुक्त रूपमा आगामी वैशाख १ गतेदेखि आयोजना गर्ने ‘नगरकोट भ्रमण वर्ष-२०८२’ को सम्पूर्ण तयारी पूरा भएको छ ।

नगरकोटमा एक लाख विदेशी र १० लाख स्वदेशी गरी ११ लाख पर्यटक भित्र्याउने उद्देश्यले चाँगुनारायण, मण्डनदेउपुर, बनेपा र शंखरापुर नगरपालिकाले संयुक्त रूपमा आयोजना गरेको ‘नगरकोट भ्रमण वर्ष-२०८२’ को चारवटै स्थानीय तहले प्रचारप्रसार गरेका छन् ।

नगरकोट भ्रमण वर्ष-२०८२ संयुक्त सचिवालयको आयोजना तथा नगरकोट नाल्दुम पर्यटन विकास समितिको समन्वयमा आयोजित पत्रकार सम्मेलनमा मूल आयोजक समितिका संयोजक एवं मण्डनदेउपुर नगरपालिका प्रमुख टोकबहादुर वाईबाले सम्पूर्ण तयारी पुरा भएको जानकारी दिए ।

नगरकोट आउने पर्यटकहरूको बसाइ लम्ब्याउँदै स्थानीय संस्कृति र स्वादको अनुभव गराउने उद्देश्यसहित विभिन्न परिकार,





पर्यटकलाई चखाउने योजना अनुरूप गाउँगाउँमा नमूना होमस्टे बनाइएको उनले बताए ।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले आफ्नो कार्यकालको पहिलो बैठकमै भ्रमण वर्ष मनाउने घोषणा गरेकामा अहिले चार वटै नगरपालिकाको सहकार्यसहित नगरकोटलाई पर्यटकीय केन्द्रविन्दु बनाउन भ्रमण वर्ष मनाउन लागेको बताए ।

नगरप्रमुख खत्रीले भने, ‘एक वर्ष भरि मनाउने भ्रमण वर्षमा नगरकोटबाहेक चारवटै स्थानीय तहले दुई दई वटा मुख्य कार्यक्रम गर्ने र अरु आआफ्ना पालिकाको वडागत रूपमा पनि भ्रमण वर्ष मनाउने गरी अगाडि बढेका छौँ ।’

बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यले शाक्यले नगरकोट भ्रमणमा आउने पर्यटकलाई बनेपाको चण्डेश्वरी मन्दिरसम्म पदयात्रा गराउन सकिने, यहाँका जात्रा परम्परामा पर्यटकलाई जोड्ने, जलजले ताल, गुम्बालगायतमा पर्यटकलाई लैजान सकिने बताए । उनले भने, ‘नगरकोटमा प्रदूषणका कारण हिमाल देख्न छोडियो, सूर्योदय र सूर्यास्त मात्रै हेर्न पर्यटक धेरै रात बस्दैनन, पर्यटकको बसाइ लब्याउन नगरकोट आएका पर्यटकलाई नगरकोटबाट बनेपा घुमेर फेरी नगरकोट आएर बास बस्ने गरी बसाई लम्ब्याउन सकिन्छ ।’

चाँगुनारायण नगरपालिकाका उपप्रमुख रमेश बुढाथोकीले भ्रमण वर्षमार्फत स्थानीय प्राकृतिक तथा धार्मिक सम्पदालाई पर्यटनसँग जोड्ने बताए । मण्डनदेउपुर नगरपालिकाका उपप्रमुख विष्णुमणि नेपालले नगरकोटको समग्र विकासका लागि चारवटै पालिकाको साझेदारीमा नगरपालिकाको डीपीआर बनाउने काम भइरहेको बताए ।

भ्रमण वर्षको शुभारम्भका दिन बतासे डाँडामा ५० भन्दा बढी स्टलहरू रहने जनाइएको छ । त्यसैगरी खानाका स्टलका साथमा कृषि सामग्रीका स्टल, गुरुङ समुदायको संग्रहालय तथा प्रत्येक स्थानीय तहका छुट्टाछुट्टै झाँकी प्रदर्शन गरिने छ ।

## केराका बोट मर्न थालेपछि कृषक चिन्तित

**उदयपुर (प्रस)–** त्रियुगा नगरपालिका-१४ साउने र वडा नं १५ खाँबु तथा छामलिङ क्षेत्रमा दुई वर्षदेखि व्यावसायिक केरा उत्पादन गर्दै आएका कृषक केराका बोट मर्न थालेपछि चिन्तत बनेका छन् ।

त्रियुगा-१५ खाँबुका वडाध्यक्ष विष्णु तिमसिनाका अनुसार खाँबु क्षेत्र नगरपालिका क्षेत्रको नै केरा पकेट क्षेत्र रहँदै आएको तर एक-दुई वर्षयतादेखि केरामा विभिन्न प्रकारका रोगका कारण बोट मर्न थालेका छन् । यस्तै, त्रियुगा-१४ साउनेका वडाध्यक्ष हेमराज मगरका अनुसार साउने क्षेत्रको सुनकोसी किनार क्षेत्र १ नम्बर केरा उत्पादन क्षेत्र रहँदै आए पनि हाल आएर केराका बोटमा रोग लाग्न थालेको र पसाउने गरेको केरा पनि मर्न थालेपछि कृषक चिन्तित बन्न थालेका छन् ।

वडा नं १५ छामलिङका कृषक देवबहादुर मगर भन्छन्, ‘आफ्नो पाखाबारी घरजग्गा सबै ३० रोपनीभन्दा पनि बढी जग्गामा केराखेती नै गर्दै आएको र वार्षिक रु दुई लाखसम्मको केरा बिक्री गर्ने गरेको भए पनि हाल आएर केराका बोट नै मर्न थालेका कारण अहिले केराखेतीबाट आम्दानी हुन छाडेको छ ।’

केराका बिरुवा नै पहेँलो हुने र बोटको फेदमा कुहिएर मर्न थालेपछि फल लागेका केराका बोट नै मर्ने गरेको अँधेरीका कृषक नारायण पुलामी मगर बताउँछन् । दुई वर्षदेखि गाउँका केराका बोटको फेद कुहिने र बोट मर्न थालेपछि गाउँमा केरा उत्पादनमा ठूलो घाटा लाग्न थालेको अँधेरीका अर्का कृषक हर्कबहादुर राईले बताए ।

वडा नं १५ का वडाध्यक्ष तिमसिना भन्छन्, ‘आफूले कृषि ज्ञान केन्द्रका प्राविधिकसँग पनि यस विषयमा परामर्श लिएको र केराका बोट कुहिन थालेपछि सबै केरा मासेर नयाँ बिरुवा रोप्नुपर्ने, गुभारा किराजस्ता रोगका कारण यस्तो भएको भन्ने सुझावका आधारमा गाउँका कृषकलाई पुरानो रोग लागेको केरा मासेर सो स्थानमा अब नयाँ बिरुवा लगाउन सुझाव दिएको छु ।’

कृषि ज्ञान केन्द्रका अनुसार गोभारा किरा र पहेँले रोगका कारण केराका बोट कुहिने, पहेँलो हुने र मर्ने गरेका छन् । नगरपालिकाका- १४ साउने र धाप्लाङ तथा १५ को खाँबु, अँधेरी, छामलिङलगायत सुनकोसी किनार क्षेत्र केरा पाकेट क्षेत्रका रूपमा रहँदै आएका छन् । स्थानीय कृषकका अनुसार यी क्षेत्रमा प्रायः परपम्परागत केरा नै बढी उत्पादन हुने गरेको छ । झप्री, मर्चे, मुंग्रे, मालभोक, चिनियाचम्पा प्रजातिका केरा यी क्षेत्रमा उत्पादन हुने गरेको कृषक बताउँछन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ